



# बाइबल कसरी अध्ययन गर्ने

How to study

परमेश्वरको वचनलाई अझ राम्रोसँग अध्ययन गर्न सिक्नको लागि एक कार्यपुस्तिका




# विषय सूची

**परिचय** पृष्ठ २

**विधि** पृष्ठ ३

अवलोकन
व्याख्या
स-सम्बन्धित (परश्पारिक)
अनुप्रयोगात्मक (प्रयोगमा ल्याउनुपर्ने कुराहरु)

**विभिन्न लेखन शैलीहरुको व्याख्या** पृष्ठ ३०

वाचन शैली
उखान तथा कवितात्मक शैली
अन्य विविध शैलीहरु

**विस्तारित धाराणाहरु** पृष्ठ ३६

पुरानो करारका पुस्तकहरु
नयाँ करारका पुस्तकहरु

**परिशिष्ट** पृष्ठ ४५

# परिचय

"म बाइबल अध्ययन गर्न चाहन्छु, तर मलाई साँच्चै थाहा छैन कि कसरी गर्ने", यो एउटा मुख्य टिप्पणी हो कि जुन म परमेश्वरको वचन अध्ययन गर्ने दुवै उत्साहित र अनुभवी मानिसहरुबाट पटक पटक सुन्ने गर्छु। यो एउटा सानो पुस्तक जुन तँपाइको लागि हो, जसमा एउटा विधि वा प्रणाली प्रस्तुत गरिएको छ, जसले तपाईलाई परमेश्वरको वचन अध्ययन गर्न र बुझ्नमा धेरै नै मद्दत पुर्याउने छ ।

बाइबलले यो कुरा सिकाउँछ कि, "**सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिईएको हो अनि शिक्षाका निम्ति, भुलदोष देखाउनका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्द होओस् ।**"(२ तिमोथी ३:१६-१७) । यहाँ भएको शब्द **"प्रेरणाद्वारा"** को अर्थ चाहिँ यो हो कि परमेश्वर मानिसहरुसँग रहेर उनीहरुलाई निर्देशन गर्नुभयो ताकी हामी हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित हुन सकौं । त्यसकारण जब हामी उहाँले दिनुभएको यो वचन पढ्छौ, तब हामीले यो होशियारीपुर्वक, प्रर्थनापुर्वक र नम्रता साथ गर्न आवश्यक छ । निम्न पृष्ठहरुमा प्रस्तुत गरिएको तरिकाले सोहि कुराहरुमा मद्दत पुर्याउने छ ।

**यस तरिकामा चारवटा चरणहरु समावेश गरिएका छन् :**

**अवलोकन विधि** - यस पाठ वा खण्डले के के भन्छ ?

**व्याख्यात्मक विधि** - यसको अर्थ के हुन सक्छ ?

**परश्पारिक विधि** -यो अरु बाइबलका खण्डहरुसँग कसरी सम्बन्धित छ ?

**अनुप्रयोगात्मक विधि** -यो मेरो जिवनमा मैले कसरी प्रयोगमा ल्याउन सक्छु ?

जब तपाईले यो तरिकालाई पछ्याउनुहुन्छ, तब तपाईलाई परमेश्वरले उहाँको वचनद्वारा बहुमुल्य सत्यताहरु देखाउनुहुनेछ कि जसले तपाईलाई हरेक असल काम गर्नलाई सक्षम तुल्याउने छ ।

जब तपाईले परमेश्वरको वचन अध्ययन गरेर जुन सत्यताहरु सिक्नुहुन्छ, त्यो कुराहरु अरुहरुसँग पनि बाँड्चुड गर्नको लागि निश्चित हुनुहोस् र खुशी साथ अध्ययन गर्दै जानुहोस् !

## अवलोकन :

“त्यहाँ हेर्नुहोस त !” चितवन राष्ट्रिय निकुन्जमा हाम्रो यात्रा निर्देशकले रुखहरुमा नियालेर हेर्नुहोस् भनेर संकेत गरे । जब मैले सुरुमा हेरे, रुखहरु बाहेक अरु केही देख्न सकिन, तथापी नाजिकबाट नियालेर हेर्दा मैले सबैभन्दा अचम्मको कुरा देखे ! जहाँ एउटा झ्यांङ्गमा मोटो गैंडा लुकिरहेको थियो ।

यसैकरण जब हामीले परमेश्वरको वचन अध्ययन गर्छौ, यसलाई नजिकबाट भएर नियाल्न अत्यन्त जरुरी छ ताकी हामीले धेरै भन्दा धेरै अचम्मको कुराहरु यस पुस्तकद्वारा देख्न सकौं भनेर परमेश्वरले हाम्रो निर्देशनको लागि हामीलाई दिनुभएको थियो ।

यसैले यस पुस्तकको पहिलो भागको अभ्यासमा नै तपाईले परमेश्वरको वचन अध्ययन गर्दा तपाईको अवलोकन गर्ने क्षमताको विकास गर्ने काममा प्रत्यक्ष लाग्नुहुनेछ ।



अवलोकन

# अभ्यास १: तस्बिरको अवलोकन

हामी परमेश्वरको वचन अवलोकन गर्न भन्दा अघि तपाईको अवलोकन गर्ने क्षमताको विकास गर्ने केही काम हामी यहाँ गर्नेछौ ।

६० सेकेन्ड तलको तस्बिरमा नजर लगाउनुहोस्, त्यसपछि अर्को पृष्ठ पल्टाउनुहोस् र हेर्नुहोस् तपाईको अवलोकनको क्षमता कतिको राम्रो थियो ।




.....अब पान्ना पल्टाउनुहोस् अनि हेर्नुहोस् कि तपाईले कस्तो गर्नुभयो ?

अवलोकन

# अभ्यास १: तस्बिरको अवलोकन

पछाडी पल्टाएर नहेर्नुहोस ! यद्यपी त्यस तस्बिरको विषयमा निम्न प्रश्नहरुको सहि उत्तर दिने प्रयास गर्नुहोस् ।

१. त्यस तस्बिरमा कति जना मानिसहरु छन् ?(मोटर गाडी; कारमा भएको मानिसहरुलाई पनि गन्न नबिर्सिनुहोला)

२. यस तस्बिरमा कतिवटा सवारीको साधनहरु छन् ?

३. यस तस्बिरमा सबैभन्दा टाढा रहेको मोटर गाडी; कारको रङ्ग कस्तो छ ?

४. तस्बिरमा कतिवटा सडक बत्तीहरु छन् ?

५. निलो गाडीको (कारको) नम्बर प्लेटमा कुन अङ्क र अक्षरहरु छन् ?

६. त्यहाँ भएको चिन्हले पुरुष शौचालय तिर देखाई रहेको छ कि महिला शौचालय तिर देखाई रहेको छ ?

६. यस सडक खण्डको सवारी गति कति रहेको छ ?

७. यस तस्बिरमा कतिवटा झोलाहरु देख्न सकिन्छ ?

८. सडकको माझमा कोरिएको रेखाहरु सिधा छ या थोप्ला थोप्ला छ ?

९. सडक बीचमा कोरिएको रेखा सेतो छ कि पहेलो छ ?

अब पुन: पछाडीको तस्बिर पल्टाएर हेर्नुहोस् र आफ्नो उत्तर जाँच्नुहोस् !
सम्भवत: तपाईले केही चिजहरु छुटाउनुभयो की जहाँ आवलोकन गर्नुपर्ने थप कुराहरु पनि थियो जुन तपाईले पहिले सोचेको भन्दा बढीनै थियो । यस्तै नै सत्यता हामीले परमेश्वरको वचन अध्ययन गर्ने क्रममा पनि हुन जाँदछ । तपाईले पहिले सोचेको भन्दा त्यहाँ अवलोकन गर्ने कुराहरु धैरै नै हुँदछ ।

# अभ्यास २: लिखित अवलोकन

सायद तपाईले सोच्नुभएको होला, “यदि मलाई मेरो अवलोकनहरु लेखन अनुमति दिईएको भए यी प्रश्नहरुमा अझ राम्रो काम गर्न सक्थे होला”। र तपाईले सायद त्यो गर्न पनि सक्नुहुन्छ, त्यसैले जब हामी परमेश्वरको वचन अध्ययन गर्छौं, यो पनि हाम्रो लागि महत्वपुर्ण छ कि चिजहरु हेर्ने अवलोकन गर्ने मात्र होइन तर तिनीहरुको लिखित विवरण पनि राख्नुपर्छ ।

यहाँ सुनौलो रङ्गको माछाको तस्बिरलाई हेर्नुहोस र तपाईको क्षमताले भ्याएसम्मको धेरै भन्दा धेरै अवलोकन गरेर लेख्नुहोस् । तपाई यो कुरामा विश्वस्त हुनुहोस् कि तपाईले अवलोकन गर्दै हुनुहुन्छ व्याख्या होइन, जस्तै उदाहरणको लागि “यो माछाको रङ्ग चाहीँ सुनौलो र सेतो छ”, यो चाहि अवलोकनमा पर्छ । त्यसै गरि व्यख्या चाहीँ, “यो एउटा सुनौलो रङ्गको माछा हो ।”
अब अर्को पृष्ठमा पल्टाउनुहोस र सम्भव भएसम्मको धेरै अवलोकन गरेका कुराहरु लेख्नुहोस् ।



अवलोकन

## अभ्यास २: लिखित अवलोकन

तपाईको अवलोकन लेख्नलाई तलको खाली ठाउँ प्रयोग गर्नुहोस् :
- माछाको रङ्ग चाहीँ सुनौलो, पहेलो र सेतो छ ।



## अभ्यास २: लिखित अवलोकन

तपाईले कस्तो गर्नुभयो ? के तपाईले कम से कम १० वटा अवलोकन गर्न सक्नुभयो ? २० वटा गर्न सक्नुभयो ? यसले कुनै फरक परेन जतिवटा गर्नु भएता पनि म चाहन्छु पुन एक पटक यो अभ्यास गर्नुहोस् र यस पटक कम्तिमा २० भन्दा बढी नै अवलोकन गर्ने प्रयास गर्नुहोस् !

मैले यो अभ्यास पश्चिम नेपालमा एउटा सुनौलो रङ्गको जिउदो माछालाई लिएर गरेको थिए र मैले मेरो विद्यार्थीहरुलाई २० वटा सम्म गर्न आग्रह गरे, उनीहरुले असम्भव छ भन्ने जस्तै गरी मलाई हेरे ! उनीहरुले मलाई त्यसरी हेरेता पनि जब तिनीहरुले एक पटक नयाँ ढङ्गले अवलोकन गर्न थालेपछि तिनीहरुले माछाको आँखा, पुच्छरको विषयमा थप अवलोकन शुरु गर्न थाले जुन उनीहरुले पहिलो समयमा गरेका थिएनन् ।

हेरौँ तपाईहरुले कस्तो गर्न सक्नुहुन्छ ! अघिल्लो पृष्ठमा भएको माछाको विषयमा २० वटा नयाँ अवालोकनहरू लेख्नुहोस् ।

# अभ्यास ३: प्रेरित १:८ को अवलोकन

के तपाई बीसभन्दा बढी अवलोकनहरु गर्न सक्षम हुनुभयो ? के तपाईले दोश्रो पटकमा त्यस्तो कुनै कुरा पाउनुभयो जुन पहिलो पटकमा पाउनुभएको थिएन ? तपाईले परमेश्वरको वचन अध्ययन गर्ने क्रममा पनि यस्तै नै हुनेछ।

तपाईले यो पुस्तिका कुनै सहरको फोटो वा माछाको अध्ययन गर्नलाई पाउनुभएको होइन्, त्यसैले अब हामी परमेश्वरको वचनमा जानेछौ ! तपाईको बाईबलमा प्रेरित १:८ पल्टाउनुहोस् र सम्भव भएसम्म धेरै भन्दा धेरै अवलोकन गर्नुहोस् र लेख्नुहोस् ।

जस्तै उदाहरणको लागि यो पद संयोजकद्वारा सुरु हुन्छ "तर" यस्तै धेरैभन्दा धेरै अवालोकनहरू लेख्नुहोस् अनि मात्र अर्को पन्ना पल्टाउनुहोस् ।

## के के कुराहरु हेर्ने...

तपाईले कस्तो गर्नुभयो ? तपाईले कतिवटासम्म अवलोकन गर्न सक्षम् हुनुभयो ? प्रेरित १:८ मा फेरी हेर्नभन्दा अगाडी, हामी तपाईलाई अध्ययनको क्रममा केही हेर्नुपर्ने कुराहरुको सूची प्रदान गर्दछौ ।

पहिले निम्न प्रश्नवाचक शब्दहरुको वरिपरी रहेर प्रश्नहरु सोध्नुहोस : को ? के ? कहिले ? कहाँ ? किन ?

### को ?

-को बोल्दै हुनुहुन्छ ? (उदाहरणको लागि येशु प्रेरित १:८ मा)
-कसलाई सम्बोधन गरिदैछ ? (उदाहरणको लागि चेलाहरु प्रेरित १:८ मा)
-कसको बारेमा कुरा गरिदैछ ? (पवित्र आत्माको बारेमा प्रेरित १:८ मा)

### के ?

-अवस्था कस्तो छ ?
-यो खण्डको अघि र पछिका खण्डहरुमा के आउछ ?
-यो खण्डमा के कुरालाई सम्बोधित गरिएको छ ?
-कस्ता कस्ता क्रिया र कालहरु छन् ?(जस्तै : भुत वर्तमान र भविष्यत)
-यस खण्डमा के आज्ञा गरिएको छ ? (के कुरा मनाही गरिएको छ )
-यस खण्डमा के कुरालाई सम्बोधन गरिएको छैन ? (जस्तै प्रेरित १:८ मा त्यहाँ चेलाहरूको लागि कुनै काम गर्नलाई आज्ञा दिएको छैन)

### कहिले ?

-यो कहिले भएको थियो ?
-यस खण्डमा भएको भविष्यवाणी कहिले पुरा हुनेछ अथवा भएको छ ?

### कहाँ ?

-यो कहाँ भइरहेको छ ?
-यस खण्डका अघि र पछिका घटनाहरु कहाँ भएका थिए ?

### किन ?

-किन यो कुरा भइरहेको छ ?

# के के कुराहरु हेर्ने...

दोश्रोमा, ती प्रश्नहरुको अलावा यी निम्न केही असल कुराहरु छन् जुन तपाईले ध्यान दिनुपर्नेछ जब तपाईले कुनै पाठ अध्ययन गर्नुहुन्छ ।

मार्क बालीको बाइबल अध्ययन विधि पाठ्यक्रमबाट साभार गरिएको पृष्ठ ८-९ बाट

*... साथै मत्ती ६ बाट र अन्य ठाउँहरुबाट पनि चित्रण*

१. तुलनात्मक : उस्ता उस्तै कुरा वा चिजहरुको संम्लागतामा भएको र प्रयोग गरिएको ।
जस्तै : (मत्ती ६:२८-३०) मैदानका लिली फूलहरु र मैदानका घाँसहरु ।
जस्तै : विश्वासको जिवनबाटको प्रयोगात्मक शिक्षा (हिब्रू ११) ।

२. विपरीतार्थ : विपरित अर्थ लाग्ने शब्दहरुको समायोजन ।
जस्तै : (मत्ती ६:२५) जिवन चाहिँ भोजनभन्दा, शरीर लुगाफाटाभन्दा बढी महत्वको छ ।
जस्तै : नयाँ मनुष्यत्व र पुरानो मनुष्यत्व एफिसी ४ र कलस्सी ३, रोमी ८ र एफिसी ५ मा शरीर र आत्मा ।

३. दोहोरिएको : एउटै खालका खण्डहरु, वाक्यांशहरु, उपवाक्यहरु दोहोरिएको ।
जस्तै : चिन्तित नहऊ (९ पदमा ६ पटक ) ।
जस्तै : भजनसंग्रह १३६ "उहाँको करुणा सदा सर्वदा रहिरहन्छ" ।

४. निरन्तरता : समान वाक्यहरु, खण्डहरुको शब्दहरु बारम्बार प्रयोग ।
जस्तै : भन्दा धेरै, भन्दा धेरै महत्वको, धेरैभन्दा धेरै इतयादी ।
जस्तै : लूका १५ हराएको, भेटाइएको, आनन्दित ।

५. क्रमश : एक विशेष पक्षलाई पुन व्यवाहारमा ल्याउनु ।
जस्तै : (मत्ती ६:३१) खाने, पिउने, लगाउने ।
जस्तै : यूहन्नामा इन्कार र दन्किने आगो दुवै साथै पूर्णस्थापना ।

६. चरमसिमा : सामाग्रीहरुको व्यवस्थित ढङ्गले सानोदेखि ठुलो, ठुलोदेखि अझ ठुलो रुपमा निष्कर्ष ल्याउनु ।
जस्तै : सृष्टि, मानवजाती, उहाँको राज्य र उहाँको धार्मिकतामा ।
जस्तै : सु-समाचारको पुस्तकमा निस्तार चाडको तयारी र नजिकिदै गरेको दिन ।

७. महत्वपुर्णता : महत्वपुर्ण सिद्दान्तको उपयोग ।
जस्तै : (मत्ती ६:३३) पहिले परमेश्वरको राज्य र धार्मिकताको खोजी गर्नु ।
जस्तै : (प्रेरित २) पवित्र आत्माको आगमनसँग लूका २४ र प्रेरित १ अध्याय ।

८. परिवर्तित : केही खास तत्वहरुको वैकल्पिकता अथवा आदान प्रदान गरिनु ।
जस्तै : (मत्ती ६:३०) लुगा कपडाहरु, घाँस-आज-भोलि- तिमीहरुलाई पहिर्याउने (विपरित)
जस्तै : लूका १-४ युहन्ना र येशुको तीन समयचक्रहरू (घोषणा, जन्म, सेवकाई)

९. विशेषकरण र सामान्यकरण : समन्यबाट विशिष्ट तर्फ लैजानु
जस्तै : (मत्ती ६:२५) तपाईको जीवनको बारेमा चिन्ता नगर्नुहोस् --- खाने, पिउने, लगाउने
जस्तै : मत्ती ६ मानिसहरुको सामु धार्मिक हुनु (प्रार्थना गर्नु, दिनु, उपवास बस्नु)

१०. सट्टामा र प्रयाप्ततामा : करणको प्रभाव र प्रभावको कारणद्वारा प्रगति ।
जस्तै : के चिन्ता गरेर एक हात उचाई थप्न सकिन्छ ? पहिले खोज्ने र यो सबथोक थपिनेछ ।
जस्तै : उचालिएको नम्र हुनेछ, आफैमा नम्र उचालिनेछ ।

११. सधनात्मक : अन्त्यको रुपरेखा अर्थात् अन्त्य गर्ने साधनहरु (तरिका पनि भन्न सकिन्छ) ।
जस्तै : (मत्ती ६:२६) स्वर्गीय पिताले नै तिनलाई खुवाउनुहुन्छ; (६:३०) र पहिर्याउनुहुन्छ ।
जस्तै : (यूहन्ना २०:३०-३१) ले संकेत गर्छ कि विश्वास गर्नुहोस् कि येशु नै ख्रीष्ट हुनुहुन्छ ।

१२. व्याख्या वा विश्लेषण : व्याख्या सहित दिएको कुनै घटना अथवा धारणा ।
जस्तै : (मत्ती ६:३२) किनकी तिमीहरुलाई यी सबथोकहरुको खाँचो छ भन्ने छ भने स्वर्गीय पिताले जान्नुहुन्छ ।
जस्तै : बीऊ छार्नेको दृष्टान्त र सामाको दृष्टान्त (प्रत्येक भनियो अनि व्याख्या गरियो) ।

१३. परिचय अथवा तयारी : पृष्ठभूमिको समावेशी वा घटनाक्रमहरुको सजावट गरिएको ।
जस्तै : (मत्ती ६:२४) तिमीले दुईजना मालिकहरुको सेवा गर्न सक्दैनौ; तिमीले परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ ।
( यसभन्दा अगाडीको पूर्ण सन्दर्भ पनि (अति नै धेरै; यहाँ-अति नै थोरै)
"किनभने जहाँ तिमीहरुको सम्पत्ति छ, त्यही तिमीहरुको हृदय पनि हुनेछ" (मत्ती ६:२१)
जस्तै : दनिएल १ अध्याय बाँकी अध्यायहरुको लागि झलक जस्तै हो (अत्यन्तै विजय र उत्थानको शासनकालमा इस्राएललाई सुरक्षित गरियो) ।

१४. सक्षिप्तकरण : कामको सन्क्षेपीकरण अथवा चित्रण या त अघिल्लो वा पछिल्लो सामग्रीको केही भाग ।
जस्तै : (मत्ती ६:२५, ३१, ३४ "यसकारण" मुख्यतया ३४ पद)
यसकारण भोलिका निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नै । थोकहरुका निम्ति फिक्री गर्नेछ आजको खराबी आजका निम्ति प्रशस्त छ" ।
अर्को पनि हेर्नुहोस् "यसकारण" ६ को २५ पद र ३१
जस्तै : यहोशु १२ विजय साथ र यहोशु २४ भूमिको विभाजन ।

१५. अनुसन्धानात्मक : कुनै पनि प्रश्न अर्थात, समस्याको उत्तर सहित त्यसको उल्लेख गर्नु ।
जस्तै : (मत्ती ६:२५) के जिवन भोजनभन्दा र शरीर लुगाफाटा भन्दा बढी होइन र ?
(६:२५) के तिमीहरु तिनीहरुभन्दा मुल्यवान होइनौ र ?
(६:२७) तिमीहरुमध्ये कुन चाहिँले फिक्री गरेर आफ्नो आयमा एक घडी थप्न सक्छ ?
(६:२८) लुगाफाटाको लागि तिमीहरु, किन फिक्री गर्छौ ?
(६:३०) उहाँले झन् बढ्ता गरि पहिर्याउनुहुने छैन र ?
(६:३१) हामी के खाऔंला ? हामी के पिउला ? हामी के पहिरौंला ?
जस्तै : रोमी ६:१ र ७:१५ दुई मुख्य खण्डहरुको उद्घाटन र चिन्तन गर्दै ।

१६. समिश्रण : कुनैपनि सम्झौताको साथमा प्रभावकारी मिलाप ।
जस्तै : धरणात्मक- चराचुरुङ्गीहरुले बिऊ छर्नु र कटानी गर्नु
लिलीफूलहरुले परिश्रम गर्नु र धागो काट्नु
शाब्दिक- लूका १२ अध्यायसँग यस खण्डको तुलना गर्नुहोस् ।
जस्तै : १ र २ शमुएल र १ र २ राजासँग इतिहासको पुस्तक

१७. अनुपातिक : समावेश गर्नु वा बहिष्कृत गर्नु सामग्रीको नाप अनुसार कुनै धराणाको जोड दिनु वा जोड नदिनु

जस्तै : शब्दहरुको दोहोर्याईद्वारा जोड दिनु : फिक्री


जस्तै : जसभित्र तुलनात्मक रुपमा जोड नदिएको

(मत्ती ६:१९-२१ धेरै हुनुको खतरा, (जोड नदिएको)

(मत्ती ६:२५-३४ थोरै हुनुको फिक्री, (जोड दिएको)

जस्तै : उत्पत्ति १-११ थुप्रै पुस्ताहरुको(उत्पत्ति १२-५० चार पुस्ताको)

गन्ती र उजाड स्थानको यात्रा(जम्मा ५ अध्याय, ३८ वर्ष)



## अभ्यास ४ : प्रेरित १:८ पुनः अवलोकन गर्नुहोस्

हामीले भर्खरै परमेश्वरको वचन अवलोकन गर्दा सोच्नुपर्ने कुराहरु दियौं। अब फेरी प्रेरित १:८ मा जानुहोस्, अभ्यास गर्नुहोस् र हेर्नुहोस् की भर्खरै हामीले कुरा गरेका चिजहरुलाई दिमागमा राख्दै कति अवलोकन गर्न सक्नुहुन्छ।

## अभ्यास ४ : तपाईंको काम जाँच्नुहोस्

तपाईले अभ्यास पुरा गरिसकेपछि तपाइको उत्तरहरु मेरो उत्तरसँग दाँज्नुहोस् कि त्यहाँ तपाईले गर्नुभएको छैन जुन मैले गरेको छु ?
अवलोकन कि त्यहाँ तपाईले अवलोकन गर्नुभएको छ, मैले गरेको छैन ?

१. प्रेरित १:८ मा पहिलो शब्द छ, “तर” ।
२. पहिलो शब्द विपरित संयोजन हो ।
३. “तिमी” भन्ने शब्द तीन पटक उल्लेखित गरिएको छ ।
४. तेस्रो शब्द “हुनेछ” ।
५. तेस्रो शब्द भविष्यत कालमा छ ।
६. विषय “तिमी” शक्ति प्राप्त गर्नेछौं ।
७. “मेरो” शब्दलाई उच्चतम स्थान दिएको छ ।
८. “साक्षी” बहुवचनमा छ ।
९. “र” शब्द चार पटक दोहोरिएको छ ।
१०. यो पद तथ्यको एउटा वर्णन हो ।
११. उल्लेख गरिएको शब्द “तिमी” शक्ति प्राप्त गर्नेछ हो ।
१२. मा शब्द दुइपटक दोहोरिएको छ ।
१३. “छेउसम्म” शब्दले कुनै पनि भागको वर्णन गर्छ ।
१४. एक विशेष ठाउँको प्रबन्ध यरुशलेम देखि समन्यतयामा पृथ्वीको छेउ सम्म ।
१५. “तिमी” साक्षीहरु हुनेछौ भन्ने शब्दसँग सम्बन्धित छ ।
१६. जब पवित्र आत्मा तिमीहरु माथि आउनेछ, शक्ति आउनेछ ।
१७. यहुदिया र सामरिया त्यहाँ एक जोडीने समयोजन छ ।
१८. निश्चयताको शब्द (the) पवित्र आत्माको अगाडी राखिएको छ ।
१९. यरुशलेम भौगोलिक स्थानहरुको पहिलो सूचीमा छ ।
२०. यहाँ उल्लेख गरिएका भौगोलिक स्थानहरुमा यहूदा र सामरिया दोश्रो सूचीमा रहेका हुन् ।
२१. पृथ्वीको छेउ भाग भौगोलिक स्थानहरुमा अन्तिम सूचीमा राखिएको छ ।
२२. पद ८ उदहारण चिन्हद्वारा समाप्त हुन्छ ।
२३. शब्द “मा” यरुशलेम, र यहुदिया र समरियामा दुवैको अगाडी पाईन्छ । यद्दपी “पृथ्वीको छेउसम्मको” अगाडी “पनि” शब्द पाइन्छ ।
२४. शब्द “भाग” एकवचन हो ।
२५. त्यहाँ दुईवटा कुरा छन् त्यो हुनेछ “तिमीहरुले शक्ति पाउनेछौ” र “तिमीहरु मेरो साक्षि हुनेछौ”।
२६. शब्द “शक्ति” एकवचन हो ।
२७. पहिलो शब्द “तर” अंग्रेजी अक्षरको सानो अक्षरमा लेखिएको छ ।
२८. पद वाक्यको बीचमा शुरु हुन्छ ।

२९. स्थानहरुमा “दुवै” शब्द समावेश गरिएको छ “दुवै, यरुशलेममा र यहुदिया र समरिया” ।
३०. “तिमी” शब्द बहुवचन हो ।
३१. यो पद एउटा समय अवधिको साथ समाप्त हुन्छ ।
३२. सबै घटनाहरु जुन भविष्यमा हुने कुराहरु हुन ।
३३. “जब” शब्दले पवित्र आत्मा तिमीहरुमा आउनुहुन्छ भन्ने संकेत गर्छ भने, आवश्यकता चाहिँ शक्ति प्राप्त गर्नु हो ।
३४. “आउनु भए पछि” भन्ने शब्दको पछाडी अर्धविराम (;) चिन्ह छ ।
३५. अर्धविराम चिन्ह पछि नयाँ विचारको शुरु हुन्छ ।
३६. त्यहाँ एउटा शब्द सुचित गरिएको छ जुन “तिमीहरुले” शक्ति पाउनेछौ ।
३७. त्यहाँ एउटा शब्द सुचित गरिएको छ, जुन “तिमीहरुले” मेरा साक्षी हुनेछौ ।
३८. जब यहाँ “मेरो” भन्ने व्यक्तिले साक्षी हुनेप्रति अधिकार गरेको देखिन्छ।
३९. यहाँ अनुवादकले “मेरो” भन्ने शब्दलाई अंग्रेजीमा (capital letters) ठुलो वर्णमा “M” प्रयोग गरेर बोल्ने व्यक्ति आदरणीय हुन् भन्ने पुष्टि गर्छन ।
४०. “पवित्र आत्मा” यो एउटा पुरक संज्ञा हो ।
४१. यरुशलेम र यहुदिया र समरिया सबै पुरक संज्ञाहरु हुन् ।
४२. यस पदमा कुनै पनि आज्ञाहरु दिएको छैन ।
४३. यस पदले यो बताउदैन कि कुन पहिले हुन्छ ।
४४. शक्ति प्राप्त गर्ने कुरा पहिलो सुचित गरिएको छ ।
४५. साक्षी हुने कुरा दोश्रोमा सुचित गरिएको छ ।
४६. पृथ्वीको छेउसम्म मेरो गवाही हुनेछौ भन्ने वाक्यलाई जोड दिनको लागि क्रियापाद “पनि” शब्द प्रयोग गरिएको छ ।
४७. निपात “सम्म” शब्द स्थानसित मात्र प्रयोग गरिएको “पृथ्वीको छेउसम्म” निपात “मा” शब्द स्थानहरुसित प्रयोग गरिएको छ यरुशलेममा, सारा यहुदिया र समरियामा
४८. निपात “माथि” शब्द, तिमीहरुसित प्रयोग गरिएको छ पवित्र आत्मा तिमीहरुमाथि आउनुहुनेछ ।
४९. तेस्रो क्रिया “हुनेछ” “तिमी” शब्दसित प्रयोग गरिएको छ । मेरो साक्षि हुनेछौ ।
५०. निर्धारित “सारा” शब्द स्थानहरु यहूदिया र समरियासँग प्रयोग गरिएको छ तर अन्य सुचित स्थानहरुसँग छैन ।
५१. सम्पूर्ण पद एक उद्धरण हो ।
५२. जब यो उद्धरण गरिएको थियो तब सम्म पवित्र आत्मा आउनु भएको थिएन।

## अन्तिम शब्द......

यहाँ तपाईहरुले गर्नुभएको अवलोकनहरु व्याख्या गर्न अघि, हामी परमेश्वरको वचन अध्ययनको महत्व बारे कुरा गर्न आवश्यक छ। तपाई जान्नुहुन्छ परमेश्वरको वचन पढ्न महत्वपूर्ण छ।

यसैकारण हामीले यो पुस्तिका उपलब्ध गराएको छौ। निम्न दश तरिकाहरु पछ्याउदै परमेश्वरको वचन पढ्न सक्नुहुन्छ।

यी कुराहरु हवार्ड हेन्ड्रिक्सको पुस्तक "पुस्तकद्वारा जीउनु" नामक पुस्तकबाट साभार गरिएका हुन्।

विचारशील भएर बाइबल पढ्नुहोस - एउटा जासुस बन्नुहोस।
बाइबल बारम्बार पढ्नुहोस - खण्डहरु अधिक मात्रामा पढ्नुहोस।
धैर्यताका साथ बाइबल पढ्नुहोस - हतारमा पढाई नगर्नुहोस।
बाइबल छनौट गरेर पढ्नुहोस - एक निश्चित विषयको बारेमा सबै पढ्नुहोस।
प्रार्थनाको साथ बाइबल पढ्नुहोस - शब्दहरु लिनुहोस् र त्यसलाई प्रार्थना बनाउनुहोस।
कल्पना गर्दै बाइबल पढ्नुहोस - आफैलाई कथा भित्र राख्नुहोस।
मनन गर्दै बाइबल पढ्नुहोस - तपाईले पढेको कुराको प्रतिक्रिया दिनुहोस।
उदेश्य लिएर बाइबल पढ्नुहोस - अध्ययनलाई प्राथमिकता दिनुहोस।
चाख लाग्दो मानेर बाइबल पढ्नुहोस - पदहरु याद गर्ने प्रयास गर्नुहोस्।
दूरदृष्टि साथ बाइबल पढ्नुहोस - बाइबलको कथा बुझ्नुहोस!

अब अर्को पृष्ठमा हामी तपाइलाई दोश्रो चरणको परिचय गरौनेछौ जुन चाहिँ व्याख्यात्मक विधि हो। यद्दपी तपाईले यस चरणलाई हतारमा नलिनुहोस किनकी जति तपाईले अधिक मात्रामा खण्डहरुको टिप्पणी अवलोकनहरु गर्नुहुन्छ उती नै तपाईले व्याख्यात्मक र प्रयोगात्मक विधि सरल रुपमा धेरै भन्दा धेरै रुपमा बनाउन सक्षम हुनुहुनेछ!

## व्याख्यात्मक विधि

त्यहाँ एउटा जवान केटाको कथा छ कि जो पहिलो पटक आफ्नो साथीसँग मण्डलीमा सहभागी भयो र ऊ सँग थुप्रै प्रश्नहरु थिए उनले सबै कुराको अर्थ सोधे जब तिनीहरुले गीतहरु गाए, उसले सोध्यो त्यसको अर्थ क हो ? जब तिनीहरुले बईबल पढे उसले सोध्यो त्यसको अर्थ के हो ? र जब पास्टरले प्रचार गर्न लाग्नुभयो तब उहाँले आफ्नो घडी फुकालेर पुल्पिटमा राख्नुभयो ताकी स्पष्ट रुपले देख्न सक्नुभएको होस भनेर त्यस केटाले आफ्नो साथीतिर हेर्यो र भन्यो कि यसको अर्थ के हो ? उसको साथीले मुस्कुरौदै जवाफ दियो, “ए त्यो केही पनि होइन !”

यस दोश्रो तहको विधिमा हामीले गरेको प्रत्येक अवलोकनबाट सोध्छौ कि यसको अर्थ के हो ? हाम्रो यो बुझ्ने लक्ष्य हो कि जब लेखक स्वंयमले पवित्र आत्माको प्रेरणाद्वारा पढ्दा र लेख्दा यसको अर्थ के थियो ।



व्याख्या

# शाब्दिक व्याख्या

हामी बाईबलको शाब्दिक व्याख्यामा विश्वास गर्छौं । अर्को शब्दमा लेखकहरुले परमेश्वरको वचन लेख्दा के भने र के लेखे त्यसको अर्थ के हो सो जान्ने, बुझ्ने प्रयास गर्छौं ।

मलाई यसको अर्थ के हो विस्तारमा भन्न दिनुहोस : यस अर्थ यो होइन कि हरेक वाख्यंशहरु शाब्दिक रुपमा लिनुपर्छ उदाहरणको लागि जब सुलेमानले लेख्छन की उसको प्रेमिकाको लागि, “तिम्रा आँखाहरु ढुकुरहरुका जस्ता छन”(श्रेष्ठगीत १:१५) उनको शाब्दिक अर्थ यो होइन कि उनका आँखाहरु ढुकुरका हुन् । यो कुरा स्पष्ट छ कि उहाँले आफ्नो श्रीमतीको आँखाको सौन्दर्यताको वर्णन गर्न कवितात्मक भाषामा प्रयोग गर्दैहुनुहुन्छ र हामीले यसलाई शाब्दिक अर्थको रुपमा उनका आँखा सुन्दर हुन् भनेर लिन्छौ ।

मलाई थप विस्तारमा भन्न दिनुहोस : यदी बाइबल मत्ती १४ मा येशु पानीमाथि हिड्नुभयो भन्छ भने हामी विश्वास गर्छौं कि उहा पानीमाथि हिड्नुभयो । त्यहाँ धेरै मानिसहरु छन् आज जसले येशुले गर्नुभएका अचम्मको कार्यहरु साच्चै भएका थिएनन् भन्ने प्रयास गरिरहेका छन् । यद्दपी बाइबलले सिकाउँछ कि येशुले आश्चर्यका कामहरु गर्नुभयो (र बाइबलले स्पष्ट रुपमा सिकाउँछकी उहाँले यो गर्नुभयो) त्यसकारण हामी यो विश्वास गर्छौं ।



# व्याख्या तालिका

जस्तै हामीले हाम्रा अवलोकनको व्याख्या गर्छौं तब यी चार विभिन्न श्रेणीहरु हेर्नेछौं । शब्द, संरचना, शाब्दीक रुप, र वातावरण ।

शब्दहरु प्राय हामीले पढ्ने वाक्यहरुमा संज्ञा हुनेछ । उदाहरणको लागि प्रेरित १:८ मा "शक्ति" को अर्थ के हो ? संचरना चाहिँ यस पुस्तिका को पृष्ठ ११-१३ मा चर्चा गरिएका तत्वहरुसँग सान्दर्भिक हुनेछ साहित्यिक रुपहरु चाहिं पृष्ठ ३०-३६मा अधिक मात्रामा छलफल गरिने छ र वातावरण चाहिँ पृष्ठकै विरपरीका परिस्थितिहरुसँग सान्दर्भिक हुनेछ ।उदाहरणका लागि प्रेरित १:८ मा येशुद्वारा बोलिएका अन्तिम शब्दहरु जुन उहाँले स्वर्गमा जानुभन्दा अघि बोल्नुभएको थियो ।

तलको तालिकाको अध्ययन गर्नुहोस् र त्यसपछि यसलाई अभ्यास ५ को लागि प्रयोग गर्नुहोस् । जब तपाईले यो व्याख्याको यो तहको विधि गर्नुहुन्छ, तब यो तालिका तपाईको हातमा हुनुमा निकै नै महत्वको हुनेछ ।

| | विवरणात्मक<br>यसको अर्थ के हो ? | तार्किक<br>यो यहाँ किन भनिएको हो? | प्रभावकारिता<br>के कुरा महत्वपुर्ण छ ? |
|---|---|---|---|
| **शब्दहरु** | शब्दको अर्थ के लाग्छ ?<br>यस वाक्यमा कस्तो भूमिका खेलेको छ ?<br>मुख्य शब्द कुन छ जुन अध्ययन गर्नु पर्ने ? | किन यो शब्द प्रयोग गरियो ?<br>यो शब्द यहाँ नै किन प्रयोग गरियो ?<br>किन यसको सट्टामा अरु प्रयोग गरिएन? | यस खण्डले सिकाउने महत्वपूर्ण तथ्यहरु के छन् ?<br>यी सत्यताहरुले कसरी संकेत की विश्वासीहरुले कसरी काम गरेको परमेश्वर चाहनुहुन्छ ? |
| **संरचना** | यो कस्तो खालको वाक्य हो ?<br>संरचनाको कुन नियम यहाँ प्रयोग गरिएको छ ?<br>विपरितार्थ कारण/प्रभाव<br>तुलनात्मक छोटकरी विस्तारित<br>दोहोरिएको प्रश्न/उत्तर<br>अनुपात साधारण/विशेष<br>चरम विन्दु र आदान प्रदान उलट पुलट<br>प्रमुख समयोजन शब्दहरु के छ ? | किन यो शैलीको वाक्य प्रयोग गरियो ?<br>के कस्ता कारणहरु, असरहरु वा उदेश्यहरु यस खण्डमा देखिएको छन् ?<br>किन यी शब्द, वाक्यांश अथवा खण्डहरु नै यहाँ यहाँ मिलाएर राखियो ?<br>किन तिनीहरु सम्बन्धित छन् जस्तै तिनीहरु हुनुपर्थ्यो ? | यस भनाईमा सिकइएका छुटाउनै नमिल्ने सत्यताहरु के के छन् ?<br>यस खण्डमा के कस्ता मुख्य प्रेरणादायक र प्रतिज्ञायुक्त कुराहरुको अधीनता प्रकट गर्दछ ?<br>के कस्ता प्रमुख विचारहरु शब्दहरु र खण्डहरुको क्रमिक रुपमा जोड दिईएको छ ?<br>के कस्ता सिमाहरु भेटिन्छ ? |
| **साहित्यिक रुप** | कस्तो साहित्यिक रचनाको प्रयोग गरिएको छ ?<br>यसका विशेषताहरु के के छन् ?<br>यो साहित्यिक रुपले लेखकको अर्थलाई कसरी प्रष्ट्याउछ ?<br>भाषा, शाब्दिक हो वा चित्रान्कित हो ? | यो सत्यता को लागि किन यो नै सर्वोत्तम साहित्यिक रुप हो ?<br>किन तिनीहरु जस्तो छन् त्यसतै चित्रण गरिएका छन् ? | सत्यलाई प्रभाव गर्ने सम्बन्धमा साहित्यको यस रुपको के महत्व छ ?<br>यसमा प्रयोग गरिएको वाचन प्रक्रियाले कस्तो प्रकाशको काम गरेको छ ? |
| **वातावरण** | यस खण्डको कुन पक्षले वातावरण प्रकट गर्छ ?<br>कस्ता भावनात्मक शब्दहरु प्रयोग गरिएका छन् ?<br>यस पाठमा लेखकको मनोस्थिति कसरी विकसित भएको छ ?<br>पाठकको मनोस्थिति ? | यो वातावरणले किन यस खण्डलाई प्रभाव परेको छ ?<br>त्यहाँ लेखक वा पाठकहरुको विवेकको लागि वर्तमान ढाँचाको कुनै एतिहासिक कारणहरु छन् त ? | यस खण्डको तर्क प्रति वातावारणको के महत्व छ ?<br>यस खण्डको प्रमुख पक्ष के हो ?<br>(उत्साह, सुधार) |

## अभ्यास ५ प्रेरित १:८ व्याख्या

अघिल्लो पृष्ठमा भएको तालिका प्रयोग गरि प्रेरित १:८ बाट तपाईले गर्नुभएको व्याख्यामा तपाइलाई निर्देशन गर्ने ती प्रश्नहरुको प्रयोग गर्नुहोस । आफ्नो दश शिर्ष अवालोकनहरु छान्नुहोस् र त्यसपछि तिनीहरुलाई तल लेख्नुहोस र व्याख्या गर्नको लागि अघिल्लो पृष्ठको मार्ग निर्देशन प्रयोग गर्नुहोस् । याद गर्नुहोस् हामी अझै पनि प्रयोगात्मक चरणमा आइसकेका छैनौ । यस चरणमा हामी केवल ती शब्दहरुको व्याख्या गर्दैछौ कि जसरी तिनीहरु बुझिन्थ्यो ।

| अवलोकन | व्याख्या |
|---|---|
| यो पद संयोजनाद्वारा सुरु हुन्छ, “तर” | यद्दपी यो येशुले चेलाहरूको लागि इस्राएलको राज्य पुर्नस्थापित गर्नुहुनेछ भन्ने जानकारी नभएर यो उनीहरुले शक्ति पाउनेछन् जब पवित्र आत्मा आउनुहुन्छ भन्ने कुरा हो । |
| | |
| | |
| | |
| | |

| अवलोकन | व्याख्या |
| --- | --- |
| | |
| | |
| | |
| | |
| | |
| | |

व्याख्या

# अभ्यास ५ : आफ्नो कामको मुल्यांकन गर्नुहोस्


तपाईले अघिल्लो पृष्ठको तालिका पुरा गरेपछि जाँचेर हेर्नुस की तुलनात्मक रुपले मैले के गरेको छु । हाम्रा जवाफहरु फरक हुन सक्छन् एक अर्कामा परमेश्वरको वचन अध्ययन गर्दा हामीलाई यो चाहिन्छ ।

| अवलोकन | व्याख्या |
|---|---|
| यो पद संयोजनाद्वारा सुरु हुन्छ, "तर"। | यद्दपी यो येशुले चेलाहरूको लागि इस्राएलको राज्य पुर्नस्थापित गर्नुहुनेछ भन्ने जानकारी नभएर यो उनीहरुले शक्ति पाउनेछन् जब पवित्र आत्मा आउनुहुन्छ भन्ने कुरा हो । |
| यो एक विशेष ठाउँको प्रबन्ध "यरुशलेम" सामान्यकरण हुदै परिमार्जित भाग सम्म (पृथ्वीको पल्लो छेउसम्म) । | यो वाक्यले प्रेरितको पुस्तकको संरचनालाई मिलाउने काम गर्छ । यस पुस्तकमा हामी यो देख्नेछौ कि मण्डली यरुशलेममा स्थापना हुन्छ, र पुस्तकको अन्त्यमा हामी देख्नेछौ सु-समाचारले आफ्नो बाटो रोमसम्म तय गरेको । |
| शक्ति तब आउछ जब पवित्र आत्मा तिमीहरुमा आउनुहुनेछ । | चेलाहरुलाई पवित्रआत्माको शक्ति उनीहरुमा आउनको लागि केही गर्न आज्ञा दिएको छैन बरु यो त एउटा भविष्यवाणी हो कि पवित्र आत्मा उनीहरुमा आउनुहुनेछ र जब यो हुन्छ तब उनीहरुले शक्ति प्राप्त गर्नेछन । फलस्वरूप प्रेरितको पुस्तकको सम्पूर्ण बाँकी भागहरुमा चेलाहरूको असामान्य शक्ति र सहासको साथ कार्य गरेको देख्छौ त्यो चाहिँ पवित्र आत्मा उनीहरुमा आउनुभएको प्रत्यक्ष प्रतिफल हो । |
| पदले यो बताउदैन कुन चाहिं पहिले हुन्छ, "शक्ति प्राप्त गर्ने" वा "मेरो साक्षि हुनेछौ"। | वास्तवमा चेलाहरुलाई परमेश्वरको लागि बलियो साक्षि हुन सक्षम बनाउने र खीष्टको शिक्षा संसारभरि फैलिएको देखिन्छ त्यो पुस्तक पवित्र आत्माको शक्तिको काम हो । |

# स-सम्बंधित


हालैमा म सित कसैले प्रश्न सोधे कि यूहन्ना १५:२ के कसैले मुक्ति गुमाउने सन्दर्भमा थियो। पदले यसरी भन्छ, "ममा हुने प्रत्येक हाँगा जसले फल फलाउदैन उहाँले त्यसलाई छाट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढी फल फलोस भनि उहाँले छिवल्नुहुन्छ । पहिलो झलक हेर्दा यस्तो देखिन्छ कि जो खीष्टमा छ ऊ उठाइने छ किनभने उसले फल फलाएका छैन् । तथापी यो कसैले मुक्ति गुमाउने सन्दर्भमा हुन सक्दैन त्यो मलाई कसरी थाहा छ त ? किनकि बाइबलमा अन्य धेरै पदहरु स्पष्ट रुपमा सिकाउछन कि कसैले पनि (उसले अथवा उनीले) आफ्नो उद्दार वा मुक्ति गुमाउने छैन (उदाहरण : यूहन्ना १०:२८-२९, रोमी ८:३१-३९, एफिसी १:१३-१४,१ पत्रुस १:५) त्यसकारण जुन कुराको बारेमा यूहन्ना १५ ले कुरा गर्दै छ यो फरक कुरा हुनुपर्छ ।

जसै हामी बाइबल अध्ययन गर्छौ, बाइबललाई व्याख्या गर्नका लागि बाइबल नै प्रयोग गर्न महत्वपुर्ण हुन्छ । वास्तवमै सत्यता चाहिँ यो हो कि बाइबल परमेश्वरको प्रेरित वचन हो र आकाट्य पनि छ । यसको अर्थ यो हो कि यी सबै १००% नै सत्य छ र फलस्वरूप यो विभाद रहित छ । यसको अर्थ कहिलेकाहि हामीले केही खास सत्यता बुझ्न गहिरो खोताल्नु आवश्यक छ । अर्को अभ्यासमा हामी केही पदहरु हेर्नेछौ जुन प्रेरित १:८ सम्बन्धित छ जुन खण्ड हामीले हेर्दै आइरहेका छौ ।



## स-सम्बन्धित

जस्तै हामीले सम्बन्धित कुराहरु असल तरिकाले गरेको चाहन्छौ, भने यसलाई सहज बनाउन संकलित चक्रलाई विचार गर्नुपर्छ ।
पहिले हामीले सोध्नुपर्छ : यो कसरी हामीले अध्ययन गर्दै गरेको खण्डसँग सम्बन्धित छ ?
दोश्रो हामीले सोध्नुपर्छ : यो कसरी हामीले अध्ययन गर्दै गरेको पुस्तकसित सम्बन्धित छ ?
तेश्रो हामीले सोध्नुपर्छ : यो कसरी सम्पूर्ण बाइबलको सन्दर्भसँग सम्बन्धित छ ?



# स-सम्बन्धित : एउटा उदाहरण

तपाईले एउटा अभ्यास गर्न अघि प्रेरित १:८ बाट सिकेको कुराहरु कहाँ सम्बन्धित गर्नुहुन्छ, उदाहरणको लागि हामी यूहन्ना ३:१६ दिन्छौ ।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)

१. यो कसरी हामीले अध्ययन गरिरहेको खण्डसित सम्बन्धित छ ?यी वचनहरु निकोदमेस, एउटा फरिसी र एउटा यहुदीहरुको शासक, जब उनले कसरी परमेश्वरको राज्यमा प्रवेश गर्न सक्छ भन्ने बारे सोधे तब यो बताईएको थियो । येशुले उसलाई वर्णन गर्दै हुनुहुन्थ्यो कि कसरी कुनै व्यक्ति फेरी जन्मन सक्छ ।

२. यो कसरी हामीले अध्ययन गरिरहेको पुस्तकसित सम्बन्धित छ ?"येशु नै ख्रीष्ट हुनुहुन्छ तपाईहरुले उहाँमा विश्वास गर्न सक्नुहुन्छ" भनेर यूहन्नाले उनको यो सु-समाचार लेखेका हुन् (यूहन्ना २०:३१) । यो खण्ड एक पटक फेरी येशुमाथि विश्वास गर्न र उद्दार पाउनको निम्ति पठाकवर्गलाई बोलावट हो । जसरी मोशाले सर्प उठाउदा मानिसहरुले विश्वास गरेर बाँचे (गन्ती २४:४-९) मा त्यसरीनै ज-जसले येशु ख्रीष्टमा विश्वास गर्छन उनीहरुले अनन्त जीवन पाउनेछन् ।

३. यो कसरी सम्पूर्ण बाइबलको सन्दर्भसँग सम्बन्धित छ ? उत्पत्ति देखि नै हामीले देख्छौ की पापी मानिसलाई उद्दार गर्ने परमेश्वरको योजना थियो । परमेश्वरले मानिसलाई बचाउने तरिका भनेको नै उहाँको पुत्रमा विश्वास गरेर नै हो जसले मानिसहरुको पापको दण्ड अथवा मूल्य तिर्नुभयो । यो पदले यो कुराको निश्चियता गराउँछकी जब मानिसहरुले उहाँमाथि विश्वास गर्दछन उनीहरु बचाईएका हुन्छन र फलस्वरूप नरकमा नष्ट हुन पर्दैन तर त्यसको सट्टामा नयाँ स्वर्ग र नयाँ पृथ्वीमा अनन्त जीवन पाउछन ।

# अभ्यास ६ प्रेरित १:८ मा स-सम्बन्धित

१. केही खण्डहरु छन् जसले पवित्र आत्माको आगमनको उल्लेख गर्दछन ?

२. ती कुन कुन हुन् जसले पवित्र आत्माको काम र शक्तिको विषयमा कुरा गर्छन ?

३. प्रेरितको पुस्तकमा भएका केही उदाहरण के के हुन् जहाँ हामीले पवित्र आत्माको शक्तिमा प्रेरितहरुले काम गरेको देख्छौ ?

४. प्रेरितको पुस्तकको कुन खण्ड वा भागमा हामीले चेलाहरुलाई यरुशलेममा देख्न सक्छौ ? यहुदिया र समरियाको बारेमा पनि ? अनि कतिखेर हामी उनीहरुलाई यहूदा र समरिया भन्दा बाहिर देख्छौ ?

५. चेलाहरु माथि पवित्रआत्मा आउनुभएको हामीले कतिखेर देख्छौ ?

६. यहाँ प्रस्तुत गरिएका सत्यताहरुसँग सम्बन्धित अन्य खण्डहरु कहाँ के के हुन् ?

# अभ्यास ६ प्रेरित १:८ मा स-सम्बन्धित

**१. ती केही खण्डहरु कुन हुन् जसले पवित्र आत्माको आगमनको उल्लेख गर्छन** ? लूका ३:१६ मा यूहन्नाले आगमवाणी गर्छन की जो आउनुहुनेछ उहाँ अन्ततः मानिसहरुलाई पवित्र आत्मामा बप्तिस्मा दिनुहुनेछ । यूहन्ना १४:२६ मा हामी यो देख्छौ कि येशुले यो घटना हुन आउनेछ भनि घोषणा गर्नुभएको छ ।

**२. ती केही खण्डहरु कुन हुन् जसले पवित्र आत्माको काम र शक्तिको विषयमा चर्चा गर्छन** ? निम्न केही खण्डहरु हुन् जुन तपाईले भेटाइपनि सक्नु भएको होला कि कसरी प्रेरित १:८ बाइबलको अरु भागहरुसँग स-सम्बन्धित छ भन्ने प्रश्नमा : रोमी ५:५, ८:२६-२७ यूहन्ना २:१९-२७, एफिसी ४:३० ।

**३. प्रेरितको पुस्तकमा भएका केही उदाहरणहरु के के हुन् जहाँ हामीले पवित्र आत्माको शक्तिमा प्रेरितहरुले काम गरेका देख्छौ** ? त्यहाँ थुप्रै उदाहरणहरु छन् जहाँ चेलाहरुले सहासका साथ सतावटको सामना गर्दै सु-समाचार प्रचारका साथै पवित्र आत्माको शक्तिमा आश्चर्य कामहरु प्रदर्शन गरेका छन् ।

**४. प्रेरितको पुस्तकको कुन भागमा वा खण्डमा हामी चेलाहरुलाई यरुशलेममा देख्न सक्छौ** ? **यहुदिया र समरियामा पनि** ? **अनि कतिखेर हामी उनीहरुलाई यहुदिया र समरिया बाहिर देख्छौ** ? यस पुस्तकमा हामीले अध्याय १:१ देखि ६:७ सम्ममा चेलाहरुलाई यरुशलेममा देख्न सक्छौ । हामीले तिनीहरुलाई यहूदा र सामरियामा अध्याय ६:८ देखि ९:३१ सम्ममा देख्छौ र त्यसपछि हामी उनीहरुलाई यो क्षेत्रभन्दा बाहिर अध्याय ९:३२ देखि पुस्तकको अन्त्यसम्म देख्छौ ।

**५. चेलाहरुमा पवित्र आत्मा आउनु भएको हामी कहिले देख्छौ** ? हामी पेन्तिकोसको दिनमा चेलाहरुमाथि पवित्र आत्मा आउनुभएको देख्छौ (प्रेरित २ अध्याय) ।

**६. यहाँ प्रस्तुत गरिएका सत्यताहरुसँग सम्बन्धित अन्य खण्डहरु कहाँ के के छन्** ?

# अभ्यास ७ : स-सम्बन्धित प्रेरित १:८ मा

अब तपाईले प्रेरित १:८ को केही बिस्तृत सन्दर्भको बारेमा केही समय बिताईसक्नु भएको छ, त्यसैले हामी पहिले नै प्रस्तुत गरिएका तीन प्रश्नमा जानेछौ ।

**१. यो हामीले अध्ययन गरिरहेको खण्डसित कसरी सम्बन्धित छ ?**

**२. यो कसरी हामीले अध्ययन गरिरहेको पुस्तकसित सम्बन्धित छ ?**

**३. यो कसरी सम्पूर्ण बाइबलको सन्दर्भसँग सम्बन्धित छ ?**

## अभ्यास ७ स-सम्बन्धितको जाँच

अब तपाईले केही समय बिताईसके पछि प्रेरित १:८ हाम्रो तीन प्रश्नहरुसित सम्बन्धित मेरो विचारहरु पढ्नुहोस् ।

१. यो कसरी हामीले अध्ययन गरिरहेको खण्डसितसम्बन्धित छ ? प्रेरित १:८ येशुलाई चेलाहरुको प्रश्नको प्रतिक्रियाको सानो भाग हो । के समय अहिले नै हो जब उहाँले इस्राएलको राज्य पुर्नस्थापित गर्ने ? यद्दपी येशुले चेलाहरुलाई भन्नुहुन्छ की यो उनीहरुलाई केही कुरा जान्नचाहिँ भन्नुहुन्छ, त्यो हो उनीहरुले शक्ति र पवित्र आत्मा पाउने पक्का छ ।

२. यो कसरी हामीले अध्ययन गरिरहेको पुस्तकसित सम्बन्धित छ ? प्रेरितको पुस्तकको बाँकी खण्डहरुमा हामीले प्रेरित १:८ पूरा भएको देख्न सक्छौ । परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ की उनीहरुमा पवित्र आत्मा आउनुहुनेछ । प्रेरित २ मा हामी पेंतिकोसको दिन पूरा भएको देख्छौ। यहाँ, हामीले यो पनि प्रतिज्ञा गरेको देख्छौ की उनीहरु चार अलग-अलग स्थानहरुमा साक्षी हुनेछन र प्रेरितको पुस्तकको बाँकी भागहरुमा चेलाहरु यरुशलेममा, यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम भागसम्म उहाँको साक्षी हुने अगम्वाणी पूरा भएको हामी देख्नसक्छौ ।

३. यो कसरी सम्पूर्ण बाइबलको सन्दर्भसँग सम्बन्धित छ ? मसिहले मानिसहरुलाई पवित्र आत्मामा बप्तिस्मा दिनुहुन्छ भन्ने सत्यता चाहिँ, अहिले हामीहरु पवित्र आत्माको मन्दिरहरु हौ (एफिसी २) र ख्रीष्टको शरीरलाई निर्माण गर्न हामीले हाम्रा आत्मिक वरदानहरुको अभ्यास र प्रयोग गर्नुपर्छ (एफिसी ४, रोमी १२, १ कोरिन्थी १२, १ पत्रुस ४) ।

## अनुप्रयोगात्मक (अपनाउनुपर्ने कुरा)

अब हामी अन्त्यमा सबैभन्दा महत्वपूर्ण चरणमा आइपुगेका छौं । हामीले हाम्रो जिवनमा सिकेका सत्यताहरु लागु गरिनुपर्छ । यस चरणमा टिप्पणी गर्दै गर्दा मैले मेरो उच्च शिक्षा अध्ययन केन्द्रमा एउटा प्राध्यापक पाएको थिए । उहाँले भन्नुहुन्थ्यो, “हाम्रो लक्ष भनेको चतुर पापी हुनु होइन, वास्तावमा हाम्रो लक्ष्य भनेको परिवर्तन हुनु हो ।”



# अनुप्रयोगात्मक (अपनाउनुपर्ने कुरा)

एउटा अनुप्रयोगात्मकमा तिनवटा तत्वहरु हुन्छन् :

पहिलो, यो व्यक्तिगत हुनेछ। तपाई आफ्नो लागि विशेष लागु गर्नु पर्ने कुराहरु बताउनुहोस्। उदाहरणको लागि मर्कूस १२:३१ पढीसके पछि मैले मेरो छिमेकीलाई प्रेम गर्न आवश्यक छ भन्नुको सट्टामा यसलाई अझ बढी व्यक्तिगत तवरले सोच्नुहोस जस्तै मैले मभन्दा तलतिर बस्ने परिवारलाई प्रेम देखाउन सक्नुपर्छ। तथापी यस अनुप्रयोगात्मक विधिमा अझ दुइवटा कुराहरु चाहिन्छ।

दोश्रो, यो विशिष्ट प्रकारको हुनेछ। लागु गर्न पर्ने कुराहरु व्यक्तिगत हुनुपर्छ साथै यसलाई विशिष्ट पनि बनाउनु पर्छ। त्यसकारण मात्र मैले मभन्दा तलतिर बस्ने परिवारलाई प्रेम देखाउनु आवश्यक छ भन्नुको सट्टामा केही यस्तो कुरा भन्नुहोस कि मैले उनीहरुको परिवारको लागि खान बनाइदिन्छु, किनकि उनीहरुको आमा अथवा श्रीमती अस्पतालमा छिन्।

तेश्रो, अस्थायी प्रकारको हुनेछ; तपाईहरुसँग निश्चित समय अवधि दिमागमा हुनुपर्छ जसमा हामीले उदाहरणमा पुनः फर्किदा, आफैलाई एक समय अवधि दिनुहोस जस्तै : जुन (चार) परिवार मेरो भन्दा तल गल्लीमा बस्छन उनीहरुको लागि भोलिको दिन सम्म खाना बनाइदिन्छु, किनकि उनको पत्नी अस्पतालमा छिन।



# अनुप्रयोगार्थ प्रश्नहरु

जस्तै तपाईको आफ्नो जीवनमा सान्दर्भिक अपनाउनुपर्ने कुराहरुको खोजी गर्नुहुन्छ, निम्न केही प्रश्नहरु सोध्नका लागि उपयुक्त छन् :

१. के मेरो लागि त्यहाँ पालना गर्नु केही आज्ञा छ ?

२. के त्यहाँ मेरो लागि पछ्याउनुपर्ने केही उदाहरण छ ?

३. के त्यहाँ केही पाप छ जुन मैले त्याग्नुपर्ने ?

४. के त्यहाँ केही कुरा छ ँ मैले परमेश्वरलाई धन्यवाद चढाउनुपर्छ ?

५. के त्यहाँ कुनै प्रतिज्ञा छ जुन म मेरो लागि हो भन्न सक्छु ?

६. के त्यहाँ कुनै आशिष छ जसमा म आनन्दित हुन सक्छु ?

७. के त्यहाँ केही असफलता छ जसद्वारा म सिक्न सक्छु ?

८. के त्यहाँ कुनै यस्तो विजय छ जसद्वारा म पनि विजयी हुन्छु ?

९. के त्यहाँ परमेश्वर, प्रभु येशु, पवित्र आत्मा, शैतान, मानिसको विषयमा केही नयाँ विचार धारणा छ ?

१०. के यस खण्डमा कुनै यस्तो सत्यता छ जसले मलाई निकै  नै प्रभाव पारेको छ ?

*यी कुराहरु रेवर्गेनको मलाई बाईवल अध्ययनमा मद्दत गर्नुहोस् भन्ने वेवसाइटबाट संकलन गरिएको हो ।*

## अभ्यास ७ प्रेरित १:८ प्रयोगात्मक

अब हामी सबैभन्दा महत्वपूर्ण भागमा आइपुगेका छौ । बायाँमा प्रेरित १:८ बाट तपाईले गर्नुभएको व्याख्या लेख्नुहोस् र दाहिने पट्टिको तालिकामा यदी केही लागु गर्नपर्ने कुराहरु हेर्न र लेख्न सक्नुहुनेछ ।

| व्याख्या | अनुप्रयोगार्थ(अपनाउनुपर्ने कुरा) |
|---|---|
| यद्दपी यो येशुले इस्राएल राज्यको पुर्नस्थापित कहिले गर्नुहुन्छ भन्ने थाहा दिनलाई होइन, यो त उनीहरुले पवित्र आत्मा उनीहरुमा आएपछि शक्ति प्राप्त गर्ने कुरा हो । | यद्दपी मेरो जीवनमा भईरहेका धेरै कुराहरु म बुझ्न सक्दिन र पनि म नेपालमा उहाँको सेवा गर्दै गर्दा उहाँमा म मेरो भरोसा र विश्वास राख्न सक्छु । |
| | |
| | |
| | |
| | |

## अभ्यास ७ प्रेरित १:८ प्रयोगात्मक

याद गर्नुहोस्, एउटा असल प्रयोगात्मकमा तीनवटा कुराहरु हुन्छन् : व्यक्तिगत, विशिष्ट र अस्थायी ।

| व्याख्या | अनुप्रयोगार्थ(अपनाउनुपर्ने कुरा) |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

# अभ्यास ७ : हाम्रो कामको तुलना गरौ

तपाईले अभ्यास ७ पुरा गरिसक्नु भएपछी, मैले गरिसकेको मेरो कामसँग आफ्नो कामको तुलना गर्नुहोस् ।

| व्याख्या | अनुप्रयोगार्थ(अपनाउनुपर्ने कुरा) |
|---|---|
| यद्दपी यो येशुले चेलाहरूको लागि इस्राएलको राज्य पुर्नस्थापित गर्नुहुनेछ भन्ने जानकारी नभएर यो उनीहरुले शक्ति पाउनेछन् जब पवित्र आत्मा आउनुहुन्छ भन्ने कुरा हो । | यद्दपी मेरो जीवनमा भईरहेका धेरै कुराहरु म बुझ्न सक्दिन र पनि म नेपालमा उहाँको सेवा गर्दै गर्दा उहाँमा म मेरो भरोसा र विश्वास राख्न सक्छु । |
| यो वाक्यले प्रेरितको पुस्तकको संरचनालाई मिलाउने काम गर्छ यस पुस्तकमा हामी यो देख्छौ कि मण्डली यरुशलेममा स्थापना हुन्छ, र पुस्तकको अन्त्यमा हामी देख्छौ सु-समाचारले आफ्नो बाटो रोमसम्म तय गरेको । | मैले मेरो स्थानीय मण्डलीमा यो शनिवार प्रचार गरेर विश्वव्यापी सु-समाचार सेवाको एक भाग हुन आवश्यक छ, मलाई नेपालभरी यात्रा गर्न र अरुहरुसँग सु-समाचार बाँड्न आवश्यक छ, साथै यो हप्ता मैले अफ्रीकामा सेवा गर्दैगरेको एक व्यक्तिलाइ उपहार दिनुछ । |
| चेलाहरुलाई पवित्रआत्माको शक्ति उनीहरुमा आउनको लागि केही गर्न आज्ञा दिएको छैन । बरु यो त एउटा भविष्यवाणी हो कि पवित्र आत्मा उनीहरुमा आउनुहुनेछ र जब यो हुन्छ तब उनीहरुले शक्ति प्राप्त गर्नेछन । फलस्वरूप प्रेरितको पुस्तकको सम्पूर्ण बाँकी भागहरुमा चेलाहरूको असामान्य शक्ति र सहासको साथ कार्य गरेको देख्छौ त्यो चाहिं पवित्र आत्मा उनीहरुमा आउनु भएको प्रत्यक्ष प्रतिफल हो । | धैर्यपुर्वक पवित्र आत्माको निर्देशन र अगुवाइको प्रतिक्षा गर्न पर्छ, मैले मेरो भविष्य अध्ययन र अध्ययन संस्थाको सन्दर्भमा, जस्तै मैले उहाँमा धैर्यपूर्वक पर्खीरहदा यो हप्तामा म हरेक बिहानी प्रार्थनामा उहाँको निर्देशन र अगुवाई खोज्नेछु । |
| प्ररितको पुस्तक भरी नै चेलाहरुले परमेश्वरको लागि सक्षम र बलियो साक्षी भएको र ख्रीष्टको शिक्षा संसारभरि फैलिएका देखिन्छ । वास्तवमा त्यो पवित्र आत्माको शक्तिको काम हो । | मैले पवित्र आत्माको शक्तिमा भरोसा राख्नुपर्छ जसै यो शनिवारसम्ममा मेरो साथीलाई सु-समाचार सुनाउछु भनेर । |

अनुप्रयोगात्मक

## निष्कर्ष

अब यहाँ तपाईसित एउटा प्रक्रिया छ जसद्वारा तपाईले परमेश्वरको वचन अध्ययन गर्न सक्नुहुन्छ, ताकी तपाईले यसको सत्यता जानेर आफ्नो जिवन परिवर्तन गर्न सक्नुहुनेछ। म एउटा अभ्यास पुस्तिका(नोटबुक) लिनुस भनेर सुझाव दिन्छु र निम्न तालिकालाई त्यसमा कोर्नुहोस ताकी तपाईले थप खण्डहरु अध्ययन गर्नका लागि प्रयोग गर्न सक्नुहुनेछ।

| अवलोकन | व्याख्या | अपनाउनुपर्ने कुराहरु |
|---|---|---|
| | | |

## वाक्यात्मक कथन  वा शैली

जस्तै हामीले पहिले नै बताइसकेका छौ, हामी परमेश्वरको वचन शाब्दिक वाख्यामा विश्वास गर्छौ। यसको अर्थ हामी बाइबल जस्ताको त्यस्तै व्याख्या गर्छौ, यहि नै स्वाभाविक रुपमा पढ्नु भन्ने अर्थ लाग्छ। जसरी बाइबल स्वाभाविक रुपमा पढिन्छ हामीले वाचनका बिभिन्न शैलीहरुको लेखा लिन आवश्यक छ। यसैले यस खण्डमा हामीले तपाईलाई वाचन शैलीका केही सूचीहरु  हेर्नका लागि दिनेछौ र यी शैलीलाई व्याख्या गर्नका लागि दश सिद्दान्तका सूचीहरु पनि।

यो जे एच. मूलहोल्याण्डको, "अन्तिम न्यायको दिनको व्याख्या सिद्दान्त" नामक पुस्तकबाट साभार गरिएको हो।

**१. भनाइ (समानता)-** जस्तै वा रुपमा शब्दहरु प्रयोग गरि तुलना गर्दै भनिएको भनाई
   क. १ पत्रुस १:२४
   ख. लूका १०:३

**२. रुपक (प्रतिनीधित्व)-** प्रत्यक्ष दावी गरेर वा वर्णन गरेर तुलना गर्नु
   क. यशैया ४०:६
   ख. लूका ८:२१

**३. शब्द तथा वाक्य अलंकार (नामको परिवर्तन)-** एउटा शब्दको सट्टामा अर्को शब्दको प्रयोग
   क. लूका १६:२९ (प्रभावको लागि कारण)
   ख. यशैया २२:२२ (कारणको लागि प्रभाव)

**४. उपलक्षक (स्थानान्तरण)-** एक अर्काको लागि सम्बन्धित धरणाहरुको प्रतिस्थापन
   क. भजनसंग्रह ८७:२ (सम्पूर्णको लागि सानो भाग)
   ख. लूका २:१ (सानो भागको लागि सम्पूर्ण भाग)

**५. व्याक्तिपुरक वा मूर्तरूप**- जनावर वा वस्तुहरुमा व्याक्तिपुरक विशेषताहरु जाहेर गर्नु
   **क.** यशैया ५५:१२
   **ख.** भ.स ११**४:२**

**६. वर्ण कारक चिन्ह**- कुनै पनि चिजलाई व्यक्ति जस्तै गरि प्रत्यक्ष रुपमा सम्बोधन गर्नु
   क. जाकारिया १३:७

**७. शब्दलोप-** कुनैपनि पूर्णधारणाको आवश्यकताको लागि शब्द वा खण्ड हटाईनु
   क. प्रेरित १८:६

**८. अतियुक्ति-** बढी प्रभावकारिताको लागि एक लेखद्वारा एक सचेतक, बढावा दिनु वा उत्कर्ष गर्नु
   क. यूहन्ना २१:२५
   ख. व्यवस्था १:२८

**९. अधुरोपन वा अल्पकार्य**- कुनै एक नकरात्म वा अधुरोपन पुष्टि गर्नु
   क. प्रेरित १:५
   ख. १ थेस्सलोनिकी २:१४-१५

१०. **व्यंग्यात्मक**- मजाक वा छेड्पेचको उदेश्यले उल्लेखित विपरित अर्थ वा भिन्दै अर्थ लाग्ने भाषाको प्रयोग गर्नु

क. १ राजा १८:२७

ख. अय्यूब १२:२

११. **विरोधाभास**- एउटा सत्य भनाइमा विरोधाभासको धारणा प्रतीत हुन्छ

क. मत्ती १३:१२

ख. मर्कूस ८:३५

१२. **मानवीकारण**- परमेश्वरलाई मानवीय विशेषताहरुले जाहेर गर्नु

क. भजनसंग्रह १९:१

ख. यशैया ५९:१

१३. **मानवीय**- परमेश्वरलाई मानवीय भावनाहरुले जाहेर गर्नु

क. भजनसंग्रह ९५:१०

ख. जाकारिया ८:१

१४. **व्यंजन(कठोर अभिव्यक्तिको सट्टामा प्रयोग गरिएको नरम अभिव्यक्ति)**- कुनै पनि एउटा अर्को आकृति सम्बन्धि कम निर्देशित हुदै आपत्तिजनक शब्दको प्रतिस्थापन गर्नु

क. न्यायकर्ता ३:२४

ख. प्रेरित १:२५

१५. **आलंकारिक प्रश्न**- एउटा यस्तो प्रश्न सोधिन्छ कि त्यसले मौखिक जवाफको आशा गर्दैन तर श्रोताहरुलाई सोहि समय मानसिकतामा सम्भावित कुराहरुको विचार गर्न वाध्य तुल्याउछ।

क. यर्मिया ३२:२७

ख. रोमी ८:३१-३४

## शाब्दिकद्वारा आलंकारिक भेद

१. छोड्नै पर्ने केही राम्रो कारण नभए सम्म सधै शाब्दिक अर्थको प्रयोग गर्नुहोस ।
२. जब खण्डले आलंकारिक भाव देखाउछ, आलंकारिक प्रयोग गर्नुहोस् ।
३. यदी शब्दिक असम्भव देखिन्छ भने मात्र आलंकारिक भावको प्रयोग गर्नुहोस ।
४. यदी शाब्दिकद्वारा अनैतिक संज्ञा आउछ भने आलंकारिक भावको प्रयोग गर्नुहोस ।
५. यदी अभिव्यक्ति वचन शैलीको वर्गमा उचित हुन्छ भने आलंकारिक भावको प्रयोग गर्नुहोस ।
६. यदी शाब्दिक सन्दर्भ र दायराको विपरित हुन्छ भने आलंकारिक भावको प्रयोग गर्नुहोस
७. यदी शाब्दिक पुस्तकको सामान्य चरित्र र शैलीको विपरित छ भने आलंकारिक भावको प्रयोग गर्नुहोस ।
८. यदी शाब्दिक लेखकको योजना र उदेश्यको विपरित छ भने आलंकारिक भावको प्रयोग गर्नुहोस ।
९. यदी शाब्दिक समान खण्डहरुको साथ विरोधाभास देखिन्छ भने आलंकारिक भावको प्रयोग गर्नुहोस ।
१०. यदी शाब्दिक बाइबलको सिद्दान्तको विपरित देखिन्छ भने अलंकारिक भावको प्रयोग गर्नुहोस् ।

## हितोपदेश र कविता

जस्तै तपाईले परमेश्वरको वचन अध्ययन गर्नुहुन्छ तपाईले हितोपदेशहरु पउनुहुन्छ । हितोपदेश एउटा छोटो भनाइ हो जसले जीवनको बारेमा सामान्य तथ्यलाई प्रकट गर्दछ।

हामी सँग नेपालीमा थुप्रै भनाइहरु छन्। उदाहरणको लागि "चिनी झानेको तामा मिठाई" जीवनको विषयमा सामान्य सत्यताको प्रकट गर्दछ । बाइबलमा विशेषगरी हितोपदेशका पुस्तकमा यस्ता प्रकारका भनाईहरु हामीले थुप्रै पाउछौ

यहाँ केही चिजहरु छन् जसलाई तपाईले हेर्नुपर्छ जसै तपाई हितोपदेशहरु र कविताहरु अध्ययन गर्नुहुन्छ :

समानता- विभिन्न शब्दहरु प्रयोग गरेर, दुई वा बढी हरफहरुमा एउटै धारणा व्यक्त गर्नु

**क. औपचारिक :** दोश्रो हरफले पहिलो हरफ पुरा गर्छ

जस्तै : हितोपदेश १५:३१ "जुन कानले जिवनदायक हप्की सुन्छ, त्यो बुद्दिमानहरुको बीचमा रहन्छ"

जस्तै : हितोपदेश १६:७ "जब मानिसले परमेश्वरलाई प्रसन्न तुल्याउछन, तब उहाँले उसका शत्रुलाई पनि ऊसंग मिलाप गर्ने तुल्याउनुहुन्छ"

**ख. सत्य समानता :** दोश्रो हरफले पहिलो हरफको धारणा अथवा सोचाइलाई दोहोर्याउछ

जस्तै : हितोपदेश ३:१३ "धन्य हो त्यो मानिस जसले बुद्दि पाउछ, अनि त्यो मानिस पनि जसले समझ प्राप्त गर्छ"

जस्तै : हितोपदेश ११:२५ उद्दार चित्त भएको मन हष्टपुष्ट पारिनेछ अनि जसले अर्काको बारी सिंच्छ त्यसको पनि सिंचिने छ

**ग. विरोधलंकार भनाई :** दोश्रो हरफले पहिलो सहमतीय केही कुरा गर्नुहुन्छ तर विपरित तरिकामा

जस्तै : हितोपदेश १०:२ "दुष्टताको धनले केही दिदैन, तर धर्मिकताले मृत्युबाट छुटाउछ"

जस्तै : हितोपदेश १०:३ "परमप्रभुले धार्मी जनको प्राणलाई भोको हुन दिनुहुने छैन तर दुष्टहरुको सम्पत्ति फ्याकिदिनुहुन्छ"

घ. कृतिम अथवा प्रगतिशील भनाइहरु : जब दुई भनाईहरुलाई एक साथ जोडिन्छ तब सत्यताको प्रकट हुन्छ

जस्तै : हितोपदेश १०:१८ "जसले झुट बोल्ने ओठहरुद्वारा घृणालाई लुकाउछ र जसले बदनामी फैलाउछ, त्यो मूर्ख हो"

जस्तै : हितोपदेश १४:७ "जब तिमीहरुले त्यस मान्छेमा ज्ञान भएका ओठ थाहा गर्दैनौ, तब त्यस मुर्खको सामुबाट गईहाल"

ङ. चरम उत्कर्षक (चरम सिमित) : दोश्रो हरफहरुले यसमा थप गरेर पहिलो हरफलाई पुरा गर्दछन

जस्तै : हितोपदेश ६:१६-१९

**च. तुलनात्मक समानता-** दोश्रो हरफले पहिलो हरफको आधारमा तुलना गर्दछ
जस्तै : हितोपदेश ११:२२
जस्तै : हितोपदेश २५:१९



# बाइबलीय वृतान्त वा अभिव्यक्ति

जस्तै हामीले वृतान्तहरु, कथाहरुको अध्ययन गर्छौ, बाइबल भरि नै कथाको बनावटमा ध्यान दिएको कुरा पाउछौ, यसमा निम्न कुराहरुको समावेश हुन्छ ।

१. **भौतिक बनावट-** क्षेत्र वा इलाका, मौसम समावेश गर्दछ ।

२. **अस्थायी बनावट-** याद गर्नुहोस, यस पुस्तक कुन समय अवधिको स्थानमा छ ।

३. **सांस्कृतिक बनावट-** संलग्न मानिसहरु आदिवासी र पृष्ठभूमिको ख्याल राख्नुहोस ।

कथामा सकेसम्म धेरैभन्दा धेरै पात्रहरु जान्ने प्रयास गर्नुहोस् यी कुराहरुको समावेश हुन्छ

१. **पात्रहरुको वर्णन-** तपाईको अध्ययनको अवलोकन चरणको अवधिमा जति धेरै सक्नुहुन्छ त्यति दिनुहोस
२. **पात्रहरुको प्रतिक्रिया-** कथामा भएका मानिसहरुको एक अर्कामा भएको बातचितमा ध्यान दिने
३. **विकास**- ध्यान दिनुस कथा भरि नै पात्रको विकास कसरी भएको छ
उदाहारणको लागि ध्यान दिनुस जसरी पत्रुसले ख्रीष्टको क्रुसको मृत्युभन्दा अगाडिको उहाँलाई इन्कार गरेको समय देखि प्रेरितको पुस्तकमा बलियो साक्षी बनेको समय अवधिसम्म

**दृष्टान्तहरु**

**दृष्टान्त-** दष्टान्त एउटा आत्मिक सत्यता सहितको पृथ्वीमा भाईरहेका कथाहरु हो
दृष्टान्तहरु व्याख्या गर्ने चरणहरु :

चरण १ : अध्ययन गर्न दृष्टान्त पत्ता लगाउनुहोस (तलको तालिका हेर्नुहोस्)
उदहारणको लागि : असल समरीको दृष्टान्त (लूका १०:२५-३७)
चरण २ : सोध्नुहोस् दृष्टान्तले कुन प्रश्नको जवाफ दिदैछ ?
उदाहरणको लागि : मेरो छिमेकी को हो ?

चरण ३ : याद गर्नुहोस् यसको सांस्कृतिक बनावट जसमा यो भनिएको थियो ।
उदाहारणको लागि : याद गर्नुहोस् कि सामरीहरु यहुदीहरुद्वारा तिरस्कृत थिए ।

चरण ४ : जीवनको लागि लागु गर्नुपर्ने कुराहरु हेर्नुहोस् ।
हामीले सेवाकाइको दौरानमा अरुलाई प्रेम गर्नको लागि परमेश्वरको बहाना बनाउनु हुँदैन।

# विस्तारित धारणा !

यो अन्तिम खण्डमा हामी तपाईलाई परमेश्वरको वचन अध्ययन गर्न मद्दत गर्न एउटा अर्को औजार दिदैछौ । हामी प्रत्येक पुस्तक भएर जानेछौ र निम्न प्रश्नहरुको उत्तर दिनेछौ।

**यो कहिले लेखिएको थियो ?**
**मानव लेखक को थिए ?**
**यो कसलाई लेखिएको थियो ?**
**पुस्तकको विस्तारित धारणा के हो ?**

जसै तपाई परमेश्वरको वचनको बिद्यार्थी हुन चाहानुहुन्छ, त्यसरी नै बाइबल वारपार अध्ययन गर्नुपर्छ, हामी आशा गर्छौं कि यी निर्देशनहरु साहायकको रुपमा लिनुहुनेछ ।

## उत्पत्ति

**यो कहिले लेखिएको थियो ?** १४४६-१४०६ इ.पू[१]
**मानव लेखक को थिए ?** मोशा[२]
**यो कसलाई लेखिएको थियो ?** इस्राएलका सन्तानहरु मिश्रको दासत्वबाट बाहिर निस्की आएपछि
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तक सबै सुरुवातको विषयमा हो । यसमा हामीले जगतको सुरुवात पापको सुरुवात, परमेश्वरको एउटा विशेष लुकाइएको योजनाको सुरुवात, मसिह एक विशेष राष्ट्रद्वारा भएर आउने र अब्राहम सहितको यहुदी मानिसहरुको सुरुवात देख्छौ ।

## प्रस्थान

**यो कहिले लेखिएको थियो ?** १४४६-१४०६ ई.पू
**मानव लेखक को थिए ?** मोशा
**यो कसलाई लेखिएको थियो ?** इस्राएलका सन्तानहरु मिश्रको दासत्वबाट बाहिर निस्की आएपछि
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तकले कसरी परमेश्वरले इस्राएलीहरुको सन्तानलाई मिश्रदेशको दासत्वबाट निकालेर, परमेश्वरले अब्राहम र उहाँको सन्तानलाई प्रतिज्ञा गर्नु भएको देश तर्फ डोर्याउनुभयो र दिनुभयो भन्ने विषयमा लेखिएको छ ।

## लेवी

**यो कहिले लेखिएको थियो ?** १४४६-१४०६ ई.पू
**मानव लेखक को थिए ?** मोशा

१. यस मितिले मिश्रबाट प्रस्थानको अघिल्लो मितिलाई मान्दछ, बाइबलीय पाठमा प्रस्तुत संख्याको आधारमा हामी यो विश्वास गर्छौं की मिश्रबाट प्रस्थान ई.पू १४४६ मा भएको थियो ।

२. यद्दपी त्यहाँ केही उदारवादी बाईबल विद्वानहरु छन् जसले यो पुस्तक चार अलग अलग व्यक्तिले लेखेका हुन् भनेर सिकाउछन यो धेरै यहुदी र मण्डली ईतिहासको दृष्टिकोण चाहिं होइन  यो एउटा अपेक्षाकृत हालैको सिद्दान्त हो कि यहुदी र मण्डली इतिहासको हजारौ बर्षको खण्डन गर्न पर्यटन श्रोत यसमा देखिदैन  यसबाहेक नयाँ करारमा यूहन्ना ५:४६(४७ र मर्कूस १२:१९ मा येशुले मोशालाई पाँच पुस्तक (पेन्तातुकको) लेखक श्रेय दिनुभएको छ ।

**यो कसलाई लेखिएको थियो ?** परमेश्वरले इस्राएलका सन्तानहरुलाई सिने पर्वतको मरुभूमि जहाँ परमेश्वरले भेट हुने पालको बारेमा निर्देशन दिनुभएको थियो ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तकभरी नै परमेश्वरले इस्राएलका सन्तानहरुलाई जो पापी छन् उनीहरुको लागि देखाई दिनुभएको छ कि कसरी परमेश्वरसँग सहि सम्बन्ध राख्ने जो पवित्र हुनुहुन्छ, जुन बाटो हो, विभिन्न बलिदान र चाडहरु यी बलिदानहरूले मुक्तिदाताको आवश्यकता, उहाँले गर्ने अन्तिम बलिदानको आवश्यकतालाई संकेत गर्दछ ताकी मानिसहरुले एक मात्र पवित्र परमेश्वरसँग सम्बन्ध राख्न सकुन् (हिब्रू ९:२८) बाख्राको र साँढेको रगत थिएन मानिसहरुको पाप हटाउनलाई (हिब्रू ४:१०) तर बरु विश्वास साथै परमेश्वरले दिनुभएको बलिदानको आज्ञा (रोमी४:९) यी बलिदानहरू मुलत : मन्दिरमा राजा सुलेमान र इस्राएलीका सन्तानहरुले बेबिलोनमा कैद भईसकेपछि गर्ने गरिन्थ्यो।

## गन्ती

**यो कहिले लेखिएको थियो ?** १४४६-१४०६ ई.पू

**मानव लेखक को थिए ?** मोशा

**यो कसलाई लेखिएको थियो ?** इस्राएलका सन्तानहरुलाई मरुभूमिमा

**यस पुस्तकको विस्तारित धारणा के हो ?** गन्तीको पुस्तकले इस्राएलको सन्तानहरुको गणनालाई समावेश गर्दछ जहाँ परमेश्वरले तिनीहरुलाई प्रतिज्ञा गरिएको आशिष दिन जादै हुनुहुन्थ्यो । यद्दपी परमेश्वरले मिश्रबाट उद्दार गर्नुभएकाहरु जो कादेश बर्नेमा आएर विश्वासको कमीले विश्वास गरेनन कि तिनीहरुलाई र तिनीहरुका सन्तानलाई परमेश्वरले त्यस भूमिमा प्रवेश गराउनुहुन्छ भन्ने र मानिसहरु जो प्रतिज्ञाको भूमि नदेखी मरे, त्यसको परिणाम तिनीहरुले परमेश्वरलाई भरोसा नगरेर हो भन्ने कुरा आउने पुस्तालाई परमेश्वरले सम्झिने मध्यम राखिदिनुभएको छ ।

## व्यवस्था

**यो कहिले लेखिएको थियो ?** १४४६-१४०६ ई.पू

**मानव लेखक को थिए ?** मोशा[३]

**यो कसलाई लेखिएको थियो ?** यो मोशाले आफ्नो जीवनको अन्तिम क्षणमा इस्राएली र उनका सन्तानलाई पतिज्ञाको भूमिमा प्रवेश गर्नलाइ दिएको प्रवचन हो ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** व्यवस्थाको शाब्दिक अर्थ "दोश्रो नियम हो"[४] । यो पुस्तक अब्राहम र मोशासित करार बध्नु हुने परमेश्वरसँग विश्वासयोग्य हुनको लागि इस्राएलीहरुलाई दिएको बोलावट हो । यदी इस्राएलीहरु परमेश्वरको आज्ञामा विश्वासयोग्य हुन्थे भने उहाँले तिनीहरुलाई आशिष दिनुहुन्छ ।(व्यवस्था २८:१-१४) यदी इस्राएलीहरु परमेश्वरद्वारा दिईएको आज्ञामा विश्वासयोग्य नभएको खण्डमा उहाँले तिनीहरुलाई श्राप दिनुहुन्छ ।(व्यवस्था २८:१५-६८) यदि तपाई जान्न चाहनुहुन्छ की इस्राएलीहरु पुरानो नियममा परमेश्वरमा विश्वासयोग्य थिए कि थिएनन्, हेर्नुहोस् र देख्नुहुनेछ कि उनीहरु अशिषित भए वा श्रापित भए ।

## यहोशु

**यो कहिले लेखिएको थियो ?** १४०६-१३५० ई.पू

**मानव लेखक को थिए ?** पुस्तकले लेखकको विषयमा स्पष्ट उल्लेख गर्दैन तर यो सम्भवत : यहोशु हुनुपर्छ, (यहोशु २४:२६) यी खण्डहरुले यो संकेत गर्दछन कि यो एक घटनाक्रमहरुको प्रत्यक्षदर्शीद्वारा लेखिएको हो(यहोशु ५:१)

३. मोशाले यो पुस्तकको अन्तिम अध्याय भविष्यपुरकको रुपमा लेखे वा को सम्भावित व्यक्ति जस्तै यहोशुले परमेश्वरद्वारा प्रेरित भएर यस पुस्तकको अन्तिम अध्याय लेखे

**यो कसलाई लेखिएको थियो ?** इस्राएलीको सन्तानहरुलाई ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तक सबै विजयको बारेमा हो ! यस पुस्तकमा हामी परमेश्वरको विश्वासयोग्यताको लेखा र उहाँले पुर्खाहरुलाई गर्नुभएको प्रतिज्ञा अनुसार भूमि उपलब्ध गर्न शुरुवात गर्नुभएको देख्छौ यस पुस्तकले फेरी एक पटक यो देखाउछ कि परमेश्वर आफ्नो वचनमा विश्वासयोग्य हुनुहुन्छ त्यसैकारण हामीले उहाँलाई भरोसा गर्नुपर्छ

## न्यायकर्ता

**यो कहिले लेखिएको थियो ?** १२२०-१०५० ई.पू[५]

**मानव लेखक को थिए ?** यद्दपी पुस्तकले लेखकको परिचय दिईएको छैन, तै पनि यो सम्भवत : शमूएलले लेखेका हुन् भन्ने (talmud) तल्मोड (हिब्रू अभिलेखको आधारमा)

**यो कसलाई लेखिएको थियो ?** इस्राएलीको सन्तानहरुलाई ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** आज्ञाकरितामा परमेश्वरले जिवन ल्याउनुहुन्छ त्यहाँ सात पटक सम्मको चक्र देख्न सकिन्छ । (परिशिष्ट ख. हेर्नुहोस्)

जब इस्राएलका सन्तानले आज्ञापालन गर्दैनन् परमेश्वरले न्याय ल्याउनुभएको छ जब तिनीहरु परमेश्वरको आज्ञा पालन गर्छन र रुन्छन तब उनीहरुलाई त्यस कष्टबाट छुटकारा गरेर उद्दार गर्नुभएको छ ।

## रूथ

**यो कहिले लेखिएको थियो ?** १०१०-९३० ई.पू[६]

**मानव लेखक को थिए ?** यो आज्ञात छ, सम्भवत : शमुएल नै मानिन्छ ।

**यो कसलाई लेखिएको थियो ?** इस्राएलीको सन्तानहरुलाई ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो प्रेम कथाले यो देखाउछ कि कसरी राजा दाऊदका जिजु बाजेहरूको भेट भयो यो एउटा सज्जन महिलाको कथा हो जो परमेश्वरमा विश्वास गर्दछन र कसरी उनको उद्दार गर्ने काम हुदछ ।

## १ शमुएल[७]

**यो कहिले लेखिएको थियो ?** ९७१-७२२ ई.पू

**मानव लेखक को थिए ?** यो आज्ञात छ, सम्भवत : शमुएल[८]

**यो कसलाई लेखिएको थियो ?** इस्राएलको राष्ट्रलाई

**यस पुस्तकको विस्तारित धारणा के हो ?** अन्तमा इस्राएलको सुरक्षा पृथ्वीको पुस्तकले इस्राएलीहरुले राजाको माग गरेको र त्यसपछि शाऊलको राज्यको लेखा राख्दछ जो परमेश्वरलाई मन पर्ने जिवन जिउनुभएन । उसको जिवन दाउदसित बिल्कुलै विपरित थियो जो परमेश्वरको हृदयको अनुसारको मानिस थिए ।

## २ शमुएल

**यो कहिले लेखिएको थियो ?** ९७१-७२२ ई.पू

**मानव लेखक को थिए ?** यो आज्ञात छ, सम्भवत : शमुएल

**यो कसलाई लेखिएको थियो ?** इस्राएलको राष्ट्रलाई

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तक मुख्यत : दाऊदको बारेमा हो, जो सँग परमेश्वरको लागि हृदय थियो दाऊद एकदमै पूर्ण सहि व्यक्ति थिएनन् तर आफ्नो पापको

४. यो शिर्षक जुन छ यो मोशाले दिएको शिर्षक होइन पुस्तकलाई तर जब पुरानो नियम हिब्रूबाट ग्रीकमा अनुवाद गरियो तब यसको शिर्षक नामाकरण गरियो

५. ई.पू १०५० शाऊल राजा हुनुभन्दा अघि यो पुस्तक मिति मानिन्छ यद्दपी न्यायकर्ता १८:३०-३१ ले यो संकेत गर्दछकी सम्भवतस ७५०

ई.पू मा राजा हिज्जेकिया को समय वा पछि लेखिएको थियो

६. सम्भवत यो, राजा दाऊद वा सुलेमानको शासनकालमा लेखिएको थियो तापनी बाइबलले स्पष्ट रुपमा यो बताउदैन

विषयमा देखाईदिदा त्यसको सामना उनले उचित प्रतिक्रिया साथ देखाएर गरे, यो दाउदको वंश नै हो जसद्वारा प्रतिज्ञा गरिएको मसिह आउनुभो !

## १ राजा[९]

**यो कहिले लेखिएको थियो ?** ५६२(५३८ ई.पू

**मानव लेखक को थिए ?** अज्ञात छ[१०], यद्दपी सम्भवतस यर्मिया

**यो कसलाई लेखिएको थियो ?** यहुदी मानिसहरु जो निर्वासित जिवन बिताई रहेका थिए

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तकले परमेश्वरको लामो दुखित र अनुग्रही स्वभावको वर्णन गर्दछ । मानिसहरुसँग व्यवहार गर्नलाई जो हरु परमेश्वरको नजरमा मन नपर्ने जिवन जीइ रहेका थिए यो पुस्तक मुख्यत : सुलेमानको बारेमा हो जो इतिहासकै सबै भन्दा धनी र बुद्दिमानी राजाहरु मध्य एक थिए, जसलाई परमेश्वरले यरुशलेममा मन्दिर निर्माण गर्न प्रयोग गर्नुभयो(परिशिष्ट घ. हेर्नुहोस्)दुर्भाग्यवश, सुलेमानले प्राय बुद्दिलाई पछ्याएनन् । उसले सत्य थाहा हुदा हुदै पनि परमेश्वरलाई पछ्याएनन् सुलेमानको पछि राज्यमा विभाजन आयो, उत्तरी राज्य (जसलाई इस्राएलको रुपमा चिनिन्थ्यो) र दक्षिणी राज्य (जो यहूदाको रुपमा चिनिन्थ्यो) उत्तरी राज्यका बीस राजा थिए, सबै राजाहरु(अवैध) नाजायज थिए, प्रभुलाई प्रसन्न तुल्याएनन् (किनभने उनीहरु दाउदसँग सम्बन्धित थिएनन्) दक्षिणी राज्यमा १९ राजा र १ रानी थिए केही दक्षिणी राजाहरुले प्रभुलाई खुशी हुने तरिकाले काम गरे, (सम्पूर्ण राजाहरुको सुची परिशिष्ट ङ. हेर्नुहोस्)

## २ राजा

**यो कहिले लेखिएको थियो ?** ५६२(५३८ ई.पू

**मानव लेखको को थिए ?** अज्ञात छ, यद्दपी सम्भवतस यर्मिया

**यो कसलाई लेखिएको थियो ?** यहुदी मानिसहरु जो निर्वासित जिवन बिताई रहेका थिए

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तकले यो कुरा पुष्टि पार्छ की यहुदी मानिसहरु उनीहरुका पापका कारण बेविलोनमा निर्वासित अवस्थामा थिए ।(व्यवस्था पुस्तकको टिप्पणी हेर्नुहोस्)

## १ इतिहास[११]

**यो कहिले लेखिएको थियो ?** ५३८-४२५ ई.पू[१२]

**मानव लेखक को थिए ?** सम्भवत, यो एज्राद्वारा लेखिएको हुनुपर्छ

**यो कसलाई लेखिएको थियो ?** यहुदी मानिसहरु जो बेविलोनको कैदबाट फर्कर आएका बाँकी बासिन्दाहरुलाई

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यस पुस्तकले पाठक वर्गलाई दाउदको प्रभु प्रतिको विश्वासयोग्यतामा अनुभव गरेका आशिषहरुको वर्णन गर्दै, विश्वास योग्य भएर जिउन प्रोत्साहित गर्छ

## २ इतिहास

**यो कहिले लेखिएको थियो ?** ५३८-४२५ ई.पू

---

७. मुख्यतस १ र २ शमुएलको पुस्तक एकै पुस्तक थिए र “शमुएलको पुस्तक“ भनेर चिनिन्थ्यो हिब्रू बाइबलहरुमा

८. मोशाको मृत्युको लेखा राखिएको जस्तै गरी यो पनि सम्भव छ की १ शमुएल २५ अरु कसैले लेखेको हुनुपर्छ

९. मूल हिब्रु बाइबलमा १ र २ राजाको पुस्तक एउटै थिए जसलाई “राजाहरु” भनेर चिनिन्थ्यो ।

१०. लेखकले विभिन्न श्रोतहरुको प्रयोग गरेका छन् “सुलेमानको एतिहासिक विवरण”(११:४१) “इस्राएलका राजाहरुको एतिहासिक विवरणको पुस्तक“ (१४:१९) “यहूदाका राजाहरुको एतिहासिक विवरणको पुस्तक“(१४:२९)

**मानव लेखक को थिए ?** सम्भवत, यो एज्राद्वारा लेखिएको हुनुपर्छ ।
**यो कसलाई लेखिएको थियो ?** यहुदी मानिसहरु जो बेविलोनको कैदबाट फर्केर आएका बाँकी बासिन्दाहरुलाई ।
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यस पुस्तकले पाठकहरुलाई जब उनीहरु विश्वासयोग्य नहुदा पाएको श्रापहरुको अनुभवको वर्णन गर्दै, विश्वास योग्य जिवन जिउन उत्साहित गराउँदछ ।

## एज्रा

**यो कहिले लेखिएको थियो ?** ५३८(४२५ ई.पू
**मानव लेखक को थिए ?** एज्रा
**यो कसलाई लेखिएको थियो ?** यहुदी बासिन्दाहरु जो बेविलोनको कैदबाट फर्केर आएका थिए
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यस पुस्तकमा इस्राएल राष्ट्रलाई, मन्दिरको पूर्णनिर्माण गर्न र बलिदान प्रणाली द्वारा त्यहाँ परमेश्वरको आराधना गर्न बोलावट दिएको छ मानिसहरुको भविष्यको लागि आशा सृजना गर्छ, यदि उनीहरु विश्वासयोग्य भएर परमेश्वरलाई पछ्याए भने

## नेहेम्याह

**यो कहिले लेखिएको थियो ?** ४४०-४३० ई.पू
**मानव लेखक को थिए ?** सम्भावित; एज्रा वा नेहेम्याह हुन्
**यो कसलाई लेखिएको थियो ?** यहुदी बासिन्दाहरुलाई जोहरु बेविलोनको कैद पछि आफ्नो भूमिमा फर्केर आएका थिए
**यस पुस्तकको विस्तारित धारणा के हो ?** सम्पूर्ण नेहेम्याह पूर्णनिर्माणको बारेमा हो । यस पुस्तकमा हामी यरुशलेम सहरको वरिपरीको पर्खालको बारेमा पढ्न पाउछौं (जुन ५८६ ईसा पूर्वमा बेविलोनीहरुले नष्ट गरेका थिए) तथापी, एक पर्खाल बढेको भन्दा बढी परमेश्वरले उनीहरुलाई जिवन जिउँदा उनीहरुको उहाँ प्रतिको प्रतिबद्दता र व्यवस्थामा बढ्दै गएको हेर्न चाहनुहुन्थ्यो

## एस्तर

**यो कहिले लेखिएको थियो ?** ४८३(४३० ई.पू
**मानव लेखक को थिए ?**
**यो कसलाई लेखिएको थियो ?** सम्भावित बाँकी रहेका यहुदीहरुलाई जोहरू बेविलोनको कैद पछि आफ्नो भूमिमा फर्केका थिए र उनीहरुलाई "पुरिम" भनिने पर्वको वर्णन गर्नलाई लेखिएको थियो ।
**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमेश्वरले आफ्ना चुनिएका मानिसहरुलाई बचाउनुहुनेछ यद्दपी त्यहाँ सबै यहुदीलाई मार्ने षड्यन्त्र गरिएको थियो, परमेश्वरले त्यो हुने अनुमति दिनु भएन ।

---

११. १ र २ इतिहास मुलत : एउटाई पुस्तक थियो ।
१२. किन हामी निश्चयता साथ यो एज्राले लेखेको हो, भन्न सक्दैनौ भने कारण यहाँ ठुलो समयको अन्तर छ यद्दपी यहुदी परम्पराले यस पुस्तकको लेखकको रुपमा एज्रालाइ नै सम्बोधन गर्दछ ५३८ ईसा पूर्वमा राजा कोरेशले यहुदीहरुलाई बेविलोनको कैदबाट प्रतिज्ञाको भूमिमा फर्कने आदेशको घोषणा गरेका थिए ।

## अ□ूब

**यो कहिले लेखिएको थियो ?** अज्ञात
**मानव लेखक को थिए ?** अज्ञात
**यो कसलाई लेखिएको थियो ?** अज्ञात
**यस पुस्तकको विस्तारित धारणा के हो ?** जीवनको कुनै अर्थ नहुदा पनि परमेश्वरमा भरोसा राख्नु, परमेश्वरले आफुले चुनेको सेवक अ□ूबलाई शैतानको हातमा दु:ख खप्न अनुमति दिनुहुन्छ र पनि अ□ूबले आफूले परमेश्वरलाई पूर्ण रुपमा नचिनेको भएता पनि उहाँमा भरोसा गर्न सिकेका छन् ।

## भजनसंग्रह

**यो कहिले लेखिएको थियो ?** १६००-६०० ई.पू[13]
**मानव लेखक को थिए ?** धेरै जना, तथापी राजा दाउदद्वारा ७३ वटा भजनसंग्रहहरु
**यो कसलाई लेखिएको थियो ?** यो इस्राएलका सन्तानहरुको लागि भजनको पुस्तक थियो
**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमेश्वरको प्रशंसा र आराधना हो

## हितोपदेश

**यो कहिले लेखिएको थियो ?** ९५०-७०० ई.पू
**मानव लेखक को थिए ?** राजा सुलेमान र अरुहरु
**यो कसलाई लेखिएको थियो ?** इस्राएलका सन्तानहरुलाई
**यस पुस्तकको विस्तारित धारणा के हो ?** एउटा व्यक्ति जसले प्रभुको उचित डर र सम्मानका साथ जिउँदा उसले बुद्दिमानी जिवन बिताउनेछ

## उपदेशक

**यो कहिले लेखिएको थियो ?** सम्भावित ९७१-९३१ ई.पू
**मानव लेखक को थिए ?** सम्भवत सुलेमान राजा
**यो कसलाई लेखिएको थियो ?** इस्राएलका सन्तानहरुलाई
**यस पुस्तकको विस्तारित धारणा के हो ?** जिवन मानिसको दृस्टीकोणबाट मात्र भएर हेर्दा त केही निराशाजनक अवश्य छ, यद्दपी परमेश्वरको उचित दृष्टिकोणमा यो जिवन धेरै नै अर्थपूर्ण छ

## श्रेष्ठगीत

**यो कहिले लेखिएको थियो ?** ९७१-९३१ ई.पू
**मानव लेखक को थिए ?** सुलेमान राजा
**यो कसलाई लेखिएको थियो ?** अज्ञात
**यस पुस्तकको विस्तारित धारणा के हो ?** विवाहको सन्दर्भमा परमेश्वरको दांचाको एउटा सानो भाग, राजाले एउटा केटीको लागि आफ्नो प्रेमको वर्णन गर्दछन, जो अन्तत उसको पत्नी हुन्छिन ।

## यशैया

**यो कहिले लेखिएको थियो ?** ७४०-६८० ई.पू
**मानव लेखक को थिए ?** यशैया

**यो कसलाई लेखिएको थियो ?** इस्राएलको दक्षिणी राज्यहरुलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शेरिया
**कस्ता पापहरु देखिएको छ ?** व्यवस्था भङ्ग गर्ने, परमेश्वरलाई त्याग्ने, हत्या, घुस पेत, कमजोर माथि अन्याय, मुर्ति पुजा,(२:८) घमण्ड (२:१२), अहङकारपन(३:१६), परमेश्वरमा भरोसा नगर्ने
**यस पुस्तकको विस्तारित धारणा के हो ?** इस्राएलको पवित्र परमेश्वर माथि भरोसा राख्नुहोस, जसले उहाँको सेवक अथवा मसिहद्वारा आशिष ल्याउनु हुनेछ

## यर्मिया

**यो कहिले लेखिएको थियो ?** ६२७-५८६ ई.पू
**मानव लेखक को थिए ?** यर्मिया
**यो कसलाई लेखिएको थियो ?** बेविलोनमा निर्वासित यहूदी मानिसहरुलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** बेविलोन
**कस्ता पापहरु देखिएको छ ?** इस्राएलको सन्तानहरुले परमेश्वरलाई त्यागेको
यस पुस्तकको विस्तारित धारणा के हो ? पश्चातापमा परमप्रभु यहोवाले केही निश्चित न्यायको बावजुत, केही बाँकी रहेकाहरुको रक्षा गर्नुहुनेछ

## विलाप

**यो कहिले लेखिएको थियो ?** ५८६-५१६ ई.पू
**मानव लेखक को थिए ?** अज्ञात, यर्मिया हुन सक्छन
**यो कसलाई लेखिएको थियो ?** यद्दपी यस पुस्तकले कुनै प्राप्तकर्ताको बारेमा नभने पनि यो यरुशलेमको पतन, बाँकी करारको र व्यक्तिहरुको व्याख्याको बारेमा जस्तो यो देखिन्छ
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** बेविलोन
**कस्ता पापहरु देखिएको छ ?** धेरै प्रकारका अपराधहरु (१:५)
**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमेश्वरको क्रोधित अनुशासनको न्याय आफ्ना मानिसहरुको लागि अन्तिम थिएन यहुदाका परमेश्वर पुर्नस्थापनाका लागि राष्ट्रहरुको भविष्यको आशाको श्रोत बन्नुभएको छ ।

## इजकिएल

**यो कहिले लेखिएको थियो ?** ५९३-५७० ई.पू
**मानव लेखक को थिए ?** इजकिएल
**यो कसलाई लेखिएको थियो ?** जोहरु बेविलोनमा निवासित थिए
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** बेविलोन
**कस्ता पापहरु देखिएको छ ?** मुर्तिपुजा
**यस पुस्तकको विस्तारित धारणा के हो ?** इजकिएलले करारको न्याय यहूदा माथि भएता पनि अखिरमा पूर्णस्थापना गर्ने र अनुग्रहमा आत्मा दिने कुरा बताउछन

## दानिएल

**यो कहिले लेखिएको थियो ?** ५३५-५३० ई.पू
**मानव लेखक को थिए ?** दनिएल
**यो कसलाई लेखिएको थियो ?** ती मानिसहरु जो बेविलोनमा निर्वासित थिए र यरुशलेममा अझै बाँकी रहेकाहरुलाई

१३. सायद सबैभन्दा सुरुवातको भजनहरु दाउदद्वारा लेखिएको थिए (९०) र अन्तिम तरिका भजनहरु चाहिं सम्भवत : बेविलोनको कैदबाट प्रतिज्ञाको भूमिमा फर्केपछि कुनै व्यक्तिले लेखेको हुनुपर्छ।

**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** बेविलोन
**कस्ता पापहरु देखिएको छ ?** घमण्ड(४) सेखी(५) विद्रोही भएर र दुष्ट कार्य गरे (९)
**यस पुस्तकको विस्तारित धारणा के हो ?** केवल मानिसको पुत्रको आगमनले मात्र इस्राएललाई अन्यजाति न्याय संसारको सार्वभौमिकताबाट छुटकारा दिनुहुनेछ।

## होशे

**यो कहिले लेखिएको थियो ?** ७५५(७२५ ई.पू
**मानव लेखक को थिए ?** होशे
**यो कसलाई लेखिएको थियो ?** इस्राएलको उत्तरी राज्यलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शेरिया
**कस्ता पापहरु देखिएको छ ?** बालको आराधना, श्राप, झुट, हत्या, व्याविचार, मुर्ति पुजा, व्यवस्था प्रति विद्रोही, मन्दिर, देह व्यापार, छल, अरु राष्ट्रहरुसँग सम्झौता
**यस पुस्तकको विस्तारित धारणा के हो ?** इस्राएलको लागि परमेश्वरको प्रेम, उनीहरुको अविश्वासको बावजुत, यो निरन्तर पूर्णस्थापना जारी नै रहेनछ

## योएल

**यो कहिले लेखिएको थियो ?** अज्ञात, तथापी कसै कसैले योएलले निवार्सित भन्दा पहिलेका अगमवक्ताहरुलाई सेवा गरिरहेका थिए किनकी उनले मानिसहरुलाई पापको कारणले अपमानित भएका जनाउछन एक टिप्पणीकारले मन्दिरको अवस्थालाई टिप्पणी गर्दछन ( १:१४,१६,२:१७) अगाडिको मितिलाई संकेत गर्दछ ५८६ ई.पू (जब बेविलोनहरुले सुलेमानको मन्दिर नष्ट परेका थिए) वा पछि ५१५ (जब निवार्सित मानिसहरु फर्केर मन्दिर, निर्माणको काम पुरा भईसकेपछि) (चिसोलम, रबर्ट साना अगमवक्ताको व्याख्या ५१)मा उहाँले पछिको मिति अनुकुल मानेका हुन् ३:२,३
**मानव लेखक को थिए ?** योएल
**यो कसलाई लेखिएको थियो ?** इस्राएलको दक्षिणी राज्यलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अज्ञात
**कस्ता पापहरु देखिएको छ ?** यो पुस्तकमा कुनै खास विशेष पापको उल्लेख गरिएको छैन
**यस पुस्तकको विस्तारित धारणा के हो ?** कुनै व्यक्ति परमेश्वरको न्यायको माध्यमद्वारा पश्चाताप गर्नुपर्छ

## आमोस

**यो कहिले लेखिएको थियो ?** ७६०-७५० ई.पू
**मानव लेखक को थिए ?** होशे
**यो कसलाई लेखिएको थियो ?** इस्राएलको उत्तरी राज्यलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शुरी
**कस्ता पापहरु देखिएको छ ?** मानिसहरुलाई राम्रो व्यवहार नगर्ने, वचनको वास्ता नगर्ने, सामन्तवादको विरोधी, हत्या, शरीरको अस्तित्व, परमेश्वरको व्यवस्थाको इन्कार, सामाजिक पाप

**यस पुस्तकको विस्तारित धारणा के हो ?** धर्मी, परमप्रभुले उहाँको धैर्यतामा उहाँको आफ्नै इस्राएल सहित अरु राष्ट्रहरुको पनि न्याय गर्ने अधिकारको घोषणा गर्नुहुन्छ

## ओबदिया

**यो कहिले लेखिएको थियो ?** अज्ञात, धेरै जना विद्वानहरु जस्तै जे.डानियल हेस् ले अबोदियाको मिति लगभग ५८६ ई.पू जुन पद ११ (१४ पदहरुमा उल्लेख गरिएको सन्दर्भमा, यस सत्यताको कारणले गर्दा यस पुस्तकमा कुनै पनि राजाहरुको नाम राखिएको छैन जसका कारण यो पुष्टि गर्न सकिदैन कि कुन युद्व थियो भनेर यो चाही यरुशलेममा बारम्बार आक्रमण गरिएको सन्दर्भमा थियो (बरमर स्तिफन, अबोदिया कक्षाको टिप्पणीहरु) अर्का विद्वानले यो खण्डको भाषाले शहरमा भएको अति विनाशकारी प्राकृतिक प्रकोपको बारम्बार जोड दिईएको सन्दर्भमा यस मितिलाई पक्का मानेका छन् ५८६ ई.पू (चिसलम, रोबर्ट बि. साना अगमवक्ताहरुको व्याख्या (ग्राण्ड र्यापिड, यम आइ : जोनडरभान प्रकशान केन्द्र,१९९०),११०)
**मानव लेखक को थिए ?** अबोदिया
**यो कसलाई लेखिएको थियो ?** एदोमलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शुरी
**कस्ता पापहरु देखिएको छ ?** घमण्ड र असमानता
**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमेश्वरले चुन्नुभएका मानिसहरु जो श्रापमा सहभागी भइरहेकाहरु आफै श्रापित हुनेछन ।

## योना

**यो कहिले लेखिएको थियो ?** ७६० ई.पू
**मानव लेखक को थिए ?** योना
**यो कसलाई लेखिएको थियो ?** अश्शुरीहरु निनव्वेका योनाले देखाउछन
यद्दपी यो यसको कुनै लेखा राखिएको छैन वास्तवमा तिनीहरुले हिब्रूको बाइबलमा समावेश गरिएको बाइबल जस्ताको त्यस्तै रुपमा पढ्ने मौका पाए कि पाएनन्
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शुरीहरु
**कस्ता पापहरु देखिएको छ ?** दुष्टता (१:२, ३:८)
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यस पुस्तकले परमेश्वरको महान न्याय र उहाँको अनुग्रहको महानतालाई देखाउछ ।

## मिका

**यो कहिले लेखिएको थियो ?** ७३५-७०० ई.पू
**मानव लेखक को थिए ?** मिका
**यो कसलाई लेखिएको थियो ?** यहुदको दक्षिणी राज्यलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शुरीहरु
**कस्ता पापहरु देखिएको छ ?** अन्यायको शहनशीलता, करार भङ्ग, मुर्ति आराधना, षड्यन्त्र, लोभ, नेतृत्व दुर्व्यवहार
**यस पुस्तकको विस्तारित धारणा के हो ?** जबकी राष्ट्र र यसका अगुवाहरु परमेश्वरको अदालतमा दोषी ठहरिन्छ, उनीहरुको अन्यायको शहनशिलताको कारण, यहोवा परमेश्वर गोठालोको रुपमा आशिष लिएर आउनुहुनेछ ।

## नहुम

**यो कहिले लेखिएको थियो ?** ६६३-६१२ ई.पू
**मानव लेखक को थिए ?** नहुम
**यो कसलाई लेखिएको थियो ?** निनव्वे, यहुदाका लागि केही शब्दहरु
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** अश्शुरीहरु
**कस्ता पापहरु देखिएको छ ?** असत्य, लूट,(३:१),हत्या(३:३), राष्ट्रहरुको बन्धक(३:४), मानिसहरु प्रतिको क्रुरता (३:१९), घमण्ड
**यस पुस्तकको विस्तारित धारणा के हो ?** निनवेको विनाश र इस्राएलको पुर्नस्थापनाले यो घोषणा गर्दछ की परमेश्वरको न्याय र धार्मिकताको राज्य विजय हुनेछ

## हबकुक

**यो कहिले लेखिएको थियो ?** ६४०-५९७ ई.पू
**मानव लेखक को थिए ?** हबकुक
**यो कसलाई लेखिएको थियो ?** यहूदामा बस्ने यहुदी मानिसहरुलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** बेविलोन
**कस्ता पापहरु देखिएको छ ?** करार भङ्ग, आतङक, न्याय भ्रष्ट, अन्यायपूर्वक लिने धुत्ने काम, गलत ढङ्गले लाभ उठाउने, रक्तपात, यौन विकृति(२:१५), मुर्तिपुजा
**यस पुस्तकको विस्तारित धारणा के हो ?** विनम्र विश्वास यस संसारको प्रत्यक्ष अन्यायको लागि उचित प्रतिक्रिया हो, किनभने परमेश्वर सार्वभौम हुनुन्छ र उहाँको सिद्द इच्छा पुरा गर्नुहुनेछ ।

## सपन्याह

**यो कहिले लेखिएको थियो ?** ई.पू ६१२ भन्दा केही समय अगाडी
**मानव लेखक को थिए ?** सपन्याह
**यो कसलाई लेखिएको थियो ?** यहूदाको दक्षिणी राज्यलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** बेविलोन
**कस्ता पापहरु देखिएको छ ?** पुजारी मुर्तीपुजक, (१:४) मुर्ती आरधक,(१:५) अनउचित पहिरन (१:८) अन्धविश्वास (१:९) घमण्ड, परमेश्वरलाई भरोसा नगर्ने,(३:२)
**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमप्रभुको दिन केही निश्चित न्यायका साथमा दुष्टहरु माथि आउनेछ, बाँकी रहेका नाम्रहरु मात्र बाँच्नेछन् ।

## हग्गै

**यो कहिले लेखिएको थियो ?** ५२० ई.पू
**मानव लेखक को थिए ?** हाग्गै
**यो कसलाई लेखिएको थियो ?** यरुशलेम फर्केका बाँकी रहेका यहुदीहरुलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** पर्शिया
**कस्ता पापहरु देखिएको छ ?** परमेश्वरको मन्दिर पूर्णनिर्माण नगर्नु
**यस पुस्तकको विस्तारित धारणा के हो ?** उहाँका जनहरुले उहाँको आज्ञापालन गर्नुले परमेश्वरको उपस्थिति र त्यस सँग सम्बन्धित आशिषहरु उनीहरुको माझमा देख्नु हो र यो परमेश्वरले हुन दिनुहुनेछ ।

## जाकरिया

**यो कहिले लेखिएको थियो ?** ५२०-४८० ई.पू

**मानव लेखक को थिए ?** जकरिया
**यो कसलाई लेखिएको थियो ?** यरुशलेम फर्केका बाँकी रहेका यहुदीहरुलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** पर्शिया
**कस्ता पापहरु देखिएको छ ?** ठग्नु र झुट बोल्नु
**यस पुस्तकको विस्तारित धारणा के हो ?** जकरियाले निर्वासितबाट फर्केका जातिहरुलाई करारमा आज्ञाकारी हुन् प्रोत्साहन गर्ने प्रयास गर्छन जसमा मन्दिरको समाप्ति पनि समावेश छ ।

## मलाकी

**यो कहिले लेखिएको थियो ?** ४८०-४२५ ई.पू
**मानव लेखक को थिए ?** मलाकी
**यो कसलाई लेखिएको थियो ?** यरुशलेम फर्केका बाँकी रहेका यहुदीहरुलाई
**त्यस समयमा विश्व शक्तिशाली को थिए ?** पर्शिया
**कस्ता पापहरु देखिएको छ ?** पुजारीहरुको अविश्वासता(१) बलिदानहरु सहित परमेश्वरलाई अनादर,(१) पुजरिहरुले व्यवस्था सिकाएनन(२) विवाह विच्छेद गर्नु(२) मुर्तिपुजा(२) आज्ञापालन गर्न अस्वीकार गर्नु
**यस पुस्तकको विस्तारित धारणा के हो ?** नैतिकतामा असंवेदनशील वा निदक पुजारीहरू र मानिसहरुले यो बुझ्नुपर्छकी उहाँको अग्रदुतद्वारा दिएको सन्देश मुताविक उहाँको दिन नजिक आउदैछ जो धर्मीहरुको लागि मात्र आशिषमय हुनेछ



## मत्ती

**कहिले लेखिएको थियो ?** ई.स ४०-५०
**मानव लेखक को थिए ?** येशुको चेला मत्ती
**यो कसलाई लेखिएको थियो ?** यहुदीहरुलाई जोहरू प्यालेस्टाइनको वरिपरी बसोबास गरिरहेका थिए
**यस पुस्तकको विस्तारित धारणा के हो ?** मत्तीले गैर(विश्वासी यहुदीहरूलाई प्रोत्साहित गर्न र विश्वासी यहुदीहरूलाई प्रोत्साहन दिन साथै वास्तवमा नासरतका येशु नै मसिह हुन् भन्ने कुरा घोषणा गर्न हो ।

## मर्कूस

**यो कहिले लेखिएको थियो ?** ई.स ४०-७० सम्भवत : चारवटा सु(समाचार पुस्तकहरु मध्येमा सबैभन्दा पहिले लेखिएको थियो ।
**मानव लेखक को थिए ?** मर्कूस, वर्णवासको भतिजा
**यो कसलाई लेखिएको थियो ?** अन्यजाति रोमी इस्राएलीहरूलाइ
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो मर्कूसले येशु नै मसिह हुन् भन्ने देखाउन र उहाँ जो पापीहरुलाई खोज्न र बचाउन आउनुभयो र यदि कसैले उहाँलाई विश्वास गरि उहाँको सेवा विश्वासयोग्य भई गर्छ भने समय बित्नु अगाडी नै यो गर्नुपर्छ ।

## लूका

**यो कहिले लेखिएको थियो ?** ६३-६७ ई. स
**मानव लेखक को थिए ?** लूका जो एक बोध थिए, साथै पावलसँग संगी सेवक पनि थिए
**यो कसलाई लेखिएको थियो ?** यो पुस्तकले थियोफिलसलाई सम्बोधित गरिएको छ यस नामको शाब्दिक अर्थ "परमेश्वरलाई प्रेम गर्ने"
**यस पुस्तकको विस्तारित धारणा के हो ?** पहिलो यो थियोफिलसलाई यो पुष्टि गर्न कि सु-समाचार जसमा उहाँले आफ्नो विश्वास राख्नुभएको थियो, यो एतिहासिक तथ्यमा आधारित छ (१:३-४) दोश्रो यो पुस्तक, येशु मानिसको पुत्र थिए जो इस्राएलद्वारा इन्कार गरिए र अहिले परमेश्वरको राज्यको कार्य अन्याजातीहरुद्वारा स्वीकार गरिएको भन्ने देखाउन लेखिएको थियो ।

## यूहन्ना

**यो कहिले लेखिएको थियो ?** ८५-९५ ई. स
**मानव लेखक को थिए ?** यूहन्ना, येशुको प्रिय चेला
**यो कसलाई लेखिएको थियो ?** इसाई समुदाय र ती मानिसहरु जसले मसिह माथि अझै पनि विश्वास गरेका थिएनन्
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यूहन्नाले येशुका सात संकेतहरुको टिपोट गर्छन ताकी मानिसहरुले निश्चयतासाथ आफ्नो विश्वास र भरोसा येशु माथि राख्न सकुन ।

## प्रेरित

**यो कहिले लेखिएको थियो ?** ६३-६७ ई. स
**मानव लेखक को थिए ?** लूका जो एक बैध थिए, साथै पावलसँग संगी सेवक पनि थिए।
**यो कसलाई लेखिएको थियो ?** यो पुस्तकले थियोफिलसलाई सम्बोधित गरिएको छ । यस नामको शाब्दिक अर्थ "परमेश्वरलाई प्रेम गर्ने" ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमेश्वर पिताले कसरी आफ्ना प्रेरितहरुद्वारा पवित्र आत्माको अधिकारमा ख्रीष्टको सु-समाचार फैलाउने र पहिलो शताब्दीमा आफ्नो मण्डली स्थापना र विस्तार सशक्त रुपले भएको देखाउनलाई यो पुस्तक लेखिएको छ ।

## रोमी

**यो कहिले लेखिएको थियो ?** लगभग ५७ ई.स
**मानव लेखक को थिए ?** पावल
**यो कसलाई लेखिएको थियो ?** रोमका मण्डलीहरुलाई
**यस पुस्तकको विस्तारित धारणा के हो ?** यस पुस्तकले पावलको रोमको मण्डलीको भ्रमण गर्ने र ऊ आउन भन्दा आगाडी केही निर्देशन प्रदान गर्ने उत्कट इच्छाको सञ्चार गर्दछ यस पुस्तकमा उहाँ तिनीहरुलाई परमेश्वरको धार्मिकतामा निर्देशन गर्न चाहानु भएको छ उहाँले यहुदी र गैर यहुदीहरुलाई एक अर्कासँग एकतामा जीउन पनि आग्रह गर्नुभएको छ।

## १ कोरिन्थी

**यो कहिले लेखिएको थियो ?** ६४-६७ ई. स
**मानव लेखक को थिए ?** पावल, दोश्रो मिसनरी यात्रामा कोरिन्थीको भ्रमण गरेका थिए ।
(प्रेरित १८:१-१८)
**यो कसलाई लेखिएको थियो ?** कोरिन्थीमा भएको मण्डलीलाई ; कोरिन्थीको सहर पाप, धोका, यौन पापमा धेरै प्रचलित र प्रख्यात थियो ।
**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलले यो पुस्तक कसरी मण्डलीमा ख्रीष्टको शरीर भित्रको पवित्रताले काम गर्छ भन्ने कुरा व्याख्या गर्न लेखेका हुन् । पावल विशेष गरेर मण्डलीमा पाप, एकता भौतिक समस्याहरु, मुर्तिलाई चढाएको खाना, आत्मिक वरदान, मण्डली व्यवस्था, सन्तहरुको खाँचो पुर्याइदिने कुराहरुमा चासो राख्छन् ।

## २ कोरिन्थी

**यो कहिले लेखिएको थियो ?** १ कोरिन्थी पछि ६०-७० ई.स
**मानव लेखक को थिए ?** पावल
**यो कसलाई लेखिएको थियो ?** कोरिन्थीका मण्डलीले पावलको अघिल्लो पत्रहरुमा सकरात्मक प्रतिकृया देखाएनन्, त्यसैले उसले अर्को पत्र लेखेका हुन् ।
**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलले मण्डलीमा आफ्नो प्रेरितीय अधिकारको प्रतिरक्षा गर्दै उनीहरुलाई इश्वरीय जीवन जीउन प्रोत्साहित दिन्छन जुन जीवन एकता, शुद्दता र उद्दारताले छाप लगाएको हुनुपर्छ ।

## गलाती

**यो कहिले लेखिएको थियो ?** ४८ ई. स, यसरी यस पुस्तकलाई पावलको सबैभन्दा पहिलो पत्र बनाउँदछ ।
**मानव लेखक को थिए ?** पावल
**यो कसलाई लेखिएको थियो ?** गलातीयामा भएको मण्डलीलाई
**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलले हाम्रो मुक्ति, न्यायिकरण र पवित्रीकरण मात्र ख्रीष्ट मार्फत अनुग्रहद्वारा विश्वासमा मात्र हुन्छ भनेर जोड दिन्छन । केही यहुदीहरुले सिकाईरहेका थिए की ख्रीष्टियनहरुले पुरानो नियमका व्यवस्थाहरु पालन गर्नुपर्छ, तर

नयाँ करारको पुस्तकहरु

पावलले यो कुरा स्पष्ट गर्छन की तिनीहरुले त्यो गर्नुपर्दैन परमेश्वरको अनुग्रह जुन खीष्टको क्रुसको मृत्युमा देखाउनुभएको हुनाले विश्वासीहरुले उनीहरुले मुक्ति प्राप्त गर्नलाई आफै कोशिस गर्न पर्दैन विश्वासीहरू परमेश्वरका प्रेमिलो सन्तानको हैसियतले उहाँको सेवा गर्छन, केही गरेर आफ्नो मुक्ति प्राप्त गर्ने कोशिस गर्ने होइन ।

## एफिसी

**यो कहिले लेखिएको थियो ?** ६० ई.स हामीलाई थाहा छ यो पत्र लेख्दा पावल झ्यालखानामा थिए ।

**मानव लेखक को थिए ?** पावल, यद्दपी कहिले यो विवाद गर्छन, दाबी गर्छन कि कसैले पावलको नक्कल गरिरहेको थियो ताकी यो पुस्तक पढिएको होस् भनेर । तथापी पहिलेका मण्डलीहरु धेरै होसियारी थिए की सहि सुनिश्चित गर्नका लागि झुटा लेखहरु मण्डलीभन्दा बाहिर राख्दथे यसैले परम्परागत धारणालाई पक्रनु असल हुन्छ जुन पावलद्वारा लेखिएको थियो ।

**यो कसलाई लेखिएको थियो ?** एफिसीमा भएको मण्डलीलाई, तर पावलले त्यस क्षेत्रका धेरै मण्डलीले पत्र पढुन भन्ने मनशाय जाहेर गर्दछन् अथवा इच्छा गरेका छन् ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलले यो पत्र झुटा शिक्षाहरुको बारेमा चेतावनी दिन र विश्वासीहरूलाई प्रेम र एकतामा जिउन प्रोत्साहित गर्न लेखेका हुन् । पहिलो तीन अध्यायहरुमा पावलले विश्वासीहरु खीष्टमा सबैकुराले धनी छन् भन्ने कुरा गर्छन र चार अध्याय देखि छ अध्यायमा खीष्टका अनुयायीहरु भएर जिउँदा हाम्रो जिम्मेवारीको बारेमा कुरा गर्छन ।

## फिलिप्पी

**यो कहिले लेखिएको थियो ?** ६० ई.स, जब पावल झ्यालखानामा थिए

**मानव लेखक को थिए ?** पावल

**यो कसलाई लेखिएको थियो ?** फिलिप्पीमा भएको मण्डलीले (पावल यहाँ सेवा गरेका थिए प्रेरित १६:१४(३४) यो पत्र ग्रहण गरेका थिए

**यस पुस्तकको विस्तारित धारणा के हो ?** कठिनाईको पनि आनन्दसाथ सामना गर्नु, यो पत्र लेख्दा पावल झ्यालखानामा थिए तर पनि उनीसँग आनन्दित हुने थुप्रै कारणहरु उनले यस पुस्तकमा उल्लेख गर्छन ।

## कल्लसी

**यो कहिले लेखिएको थियो ?** ६०-६२ ई.स

**मानव लेखक को थिए ?** पावलले यो पत्र उनको रोममा पहिलो कैदको समयमा लेखेका थिए (प्रेरित २८:३०)

**यो कसलाई लेखिएको थियो ?** कलस्सीमा भएको मण्डलीलाई, धेरै खण्डहरुले (कलस्सी १:७,२:१,४:१२) देखाए अनुसार अहिले सम्म भ्रमण गरेका थिएनन् ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलको यो पुस्तक नोस्टिकवाद झुटा शिक्षाको सामना गर्नलाइ लेखेका हुन् उनीहरुले निम्न कुराहरु गलत ढङ्गले सिकाउथे :

१. उनीहरुले पुरानो नियमको पनि व्यवस्थाहरु पलना गर्नुपर्छ भन्ने सिकाउथे

२. त्यहाँ केही विशेष र गहण प्रकारको ज्ञान छ भन्ने सिकाउथे

३. उनीहरुले मध्यस्थकर्ताको रुपमा स्वर्गदुतहरुको आराधना गर्न सिकाउथे (२:१८)

४. यसले विशेष पूर्णता र विशेष मौकाको कुरा गर्छ जोहरू चुनिएका छन् र उनीहरु यस दर्शनशास्त्रको अधिनमा पर्दछन ।

५. यिनीहरु येशु पूर्ण मानिस र पूर्ण परमेश्वर होइन भनेर सिकाउथे[१४]

पावलले ती शिक्षाहरु गलत थिए भनेर लेखे । उनले ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनेर लेखे । उनले विश्वासीहरुलाई निरन्तर परिपक्कतामा बढ्दै जान उत्साहित दिन लेखे र उनले उनको निम्ति प्रार्थना गरिदिन भनि अनुरोध पनि गरेका छन् । (याद गर्नुहोस् उनी झ्यालखानामा छन् )

## १ थेस्सलोनिकी

**यो कहिले लेखिएको थियो ?** ५०–५४ ई.स

**मानव लेखक को थिए ?** पावलले यो पत्र कोरिन्थीबाट लेखेका थिए

**यो कसलाई लेखिएको थियो ?** यो थेस्सोलोनिकाको मण्डलीलाई लेखिएको थियो जुन म्यासिडोनियाको रोमन प्रान्तको मुख्य बदरगाह थियो

**यस पुस्तकको विस्तारित धारणा के हो ?** बलवान रहनुहोस, पावलले यो किन लेखेका थिए भन्ने उनले मण्डलीहरुलाई सतावटको सामना गर्न बलवान रहन, उत्साहित हुन, हरेस नखानु भन्ने चाहाना गरेर यो लेखेका थिए यस पुस्तकले उठाइलगिनेको विषयमा पनि केही स्पष्ट शिक्षालाई समावेश गरेको पाइन्छ (१ थेस्सलोनिकी ४:१३-१८)

## २ थेस्सलोनिकी

**यो कहिले लेखिएको थियो ?** ५० औ ई.स १ थेस्सलोनिकीको तुरुन्तै पछि

**मानव लेखक को थिए ?** पावल

**यो कसलाई लेखिएको थियो ?** यो थेस्सलोनिकीमा भएको मण्डलीलाई लेखिएको थियो

**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलले यो पुस्तक मण्डलीहरुलाई बलवान भएर रहन र प्रभुको दिनको विषयमा शिक्षा दिन लेखेका हुन् केही मानिसहरुले प्रभुको दिनको बारेमा झुट सिकाइरहेका थिए जस्तै यो नजिकै छ मानिसहरुले जागिरहरु छोडेर काम गर्नुहुदैन ।

## १ तिमोथी

**यो कहिले लेखिएको थियो ?** ६३-६६ ई.स

**मानव लेखक को थिए ?** पावलले यो पत्र आफ्नो जिवनको अन्तिम क्षणमा लेखेका थिए

**यो कसलाई लेखिएको थियो ?** तिमोथी ग्रीक बुवा र यहुदी आमाको छोरा थिए उनको आमा (यूनिस) र हजूरआमा (लुईस) उनीहरुको सच्चा विश्वासले चिनिन्थे (२ तिमोथी १:५) तिमोथी प्रेरित पावलद्वारा निर्देशित थिए जसलाई एउटा छोरा भनेर मानेका थिए( ज्ञ तिमोथी १:२, २ तिमोथी १:२)

**यस पुस्तकको विस्तारित धारणा के हो ?** अगुवाहरुले कसरी नम्र र साहसी भई स्थानीय मण्डलीलाई गोठालो गर्नुपर्छ

## २ तिमोथी

**यो कहिले लेखिएको थियो ?** ६७ ई.स

**मानव लेखक को थिए ?** यो प्रेरित पावलद्वारा लेखिएको अन्तिम पत्र हो यो लेखेको केही समयपछि पावलको रोममा मर्नुहुन्छ ।

**यो कसलाई लेखिएको थियो ?** तिमोथी ग्रीक बुवा र यहुदी आमाको छोरा थिए उनको आमा (यूनिस) र हजूरआमा (लुईस) उनीहरुको सच्चा विश्वासले चिनिन्थे (२ तिमोथी

१४. नोर्मन एल. गीस्लेर, “कलस्सी“मा बाइबल ज्ञान टिप्पणी एन एक्सपोजिसन अफ द इस्क्रुप्चर्स, जे.यफ वालवोर्ड र आर.बी जुक भाग २ (व्हिर्तन,आइ.यल भिक्टर बुक्स १९८५) ६६८

१:५) तिमोथी प्रेरित पावलद्वारा निर्देशित थिए जसलाई एउटा छोरा भनेर मानेका थिए( ज्ञ तिमोथी १:२, २ तिमोथी १:२)

**यस पुस्तकको विस्तारित धारणा के हो ?** वचन प्रचार गर्नु, यो तिमोथी छोरालाई पावलको मर्ने बेलाको अनुरोध हो जस्तै की पावल यस संसारबाट छुट्ने समयमा उनले तिमोथी चिन्तित होस् भन्ने चाहादैनथे, पावलले ख्रिष्टियन जीवनको तुलना धेरै व्यक्तिहरुसित गर्दछन र यो यसको योग्य नै छ (उदाहरण : भण्डारे, सेना, दावक, किसान, कामदार, भाँडो र सेवक) जस्तै पावल अन्तसम्म बलियो भईरहे, असल समाप्ति गरे, त्यसरीनै तिमोथीले पनि गरेको पावल चाहन्थे ।

## तितस

**यो कहिले लेखिएको थियो ?** ६३-६६ ई.स

**मानव लेखक को थिए ?** पावलले यो पत्र आफ्नो जीवनको निकट अन्त्यमा लेखेका हुन्

**यो कसलाई लेखिएको थियो ?** तितस एउटा परिवर्तित अन्याजाती थिए (गलाती २:६-७,८:६,१६) जसले प्रेरित पावलसँगै यात्रा गरे (गलाती २:१-३) तितस कोरिन्थीमा संघर्ष गरिरहेका मण्डलीहरुको लागि एक काम गरे (२ कोरिन्थी ७:६-७, ८:६,१६)

**यस पुस्तकको विस्तारित धारणा के हो ?** पावलले तितसलाई कसरी क्रेटका मण्डलीहरु माथि विश्वासयोग्य गोठालो हुने भनेर निर्देशन दिईरहेका छन् त्यहाँ अनुग्रहमा एउटा जोड दिईएको कुरा छ र राम्रो कामहरु र व्यवहार जसले परमेश्वर हाम्रो स्वर्गीय पितालाई खुशी पार्छ

## फिलेमोन

**यो कहिले लेखिएको थियो ?** ६०-६३ जब पावल एक कैदी थिए

**मानव लेखक को थिए ?** पावलले यो उसको रोममा पहिलो कैदको समयमा लेखेका हुन्

**यो कसलाई लेखिएको थियो ?** फिलेमोन प्रेरित पावलको एउटा प्रिय मित्र, जो कोलोसका धनि निवासी थिए जसको दास ओनेसिमस भागेको थियो तर पावललाई भेट्टाए पछि उनि परिर्वतन भएका थिए ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यो पुस्तकको विस्तारित धारणा क्षमादान हो फिलेमोनलाई पावल ओनेसिमसलाई भागेर गएको दास जस्तै व्यवहार नगर्नु तर ख्रीष्टमा प्रिय भाई सम्झिनु भनेर उत्साह दिन्छन ।

## हिब्रू

**यो कहिले लेखिएको थियो ?** ६९-७० ई.स

**मानव लेखक को थिए ?** लेखक अज्ञात छ, यद्दपी अपोलोस, बर्नाबास, पावल र अन्य सहित थुप्रै सुझावहरु दिईएको छ यद्दपी त्यहाँ निश्चित रुपले को थियो, भन्न सक्ने सम्भावित प्रमाण छैन यदि परमेश्वरले को हो भनेर हामीले जानेको चाहनुहुन्थ्यो भने उहाँले गर्नुहुन्थ्यो, तथापी उहाँले यो हाम्रो लागि जान्नलाई बुझ्नलाई आवश्यक ठान्नु भएन ।

**यो कसलाई लेखिएको थियो ?** लेखक जस्तै मूल पाठक पनि अज्ञात नै छ तर पनि पुस्तकको विषयवस्तुबाट यो देखिन्छ की पाठकहरु विश्वासी समुदायका हुन् यदि के ख्रीष्टको बलिदान योग्य थियो भन्ने कुरामा संघर्ष गरिरहेका थिए र उनीहरु बारम्बार आफ्नो पुरानै जीवन शैलीमा फर्कने सोचिरहेका थिए ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** पुस्तकका लेखकले यो कुरा स्पष्ट पर्छनकी खीष्ट अरुहरुभन्दा असल र महान हुनुहुन्छ, जो मानिसहरु फर्केर जान चाहे तापनि उदाहरणका लागि येशु स्वर्गदुतहरु, मोशा, हारुन र मेल्कीसेदेक भन्दा महान हुनुहुन्छ यसकारण विश्वसीहरु आफ्नो पुरानो जीवन शैलीमा फर्कनु हुदैन, तर विश्वासमा निरन्तर लागि रहनु चाहिँ मुल्यवान हुन्छ लेखकले यो कुरा स्पष्ट पर्छन कि पुरानो करारको इतिहास भरि नै मानिसहरुले आफ्नो जीवनमा वरिपरी के भइरहेको छ पूर्णातया नबुझ्रेतापनि उनीहरु विश्वासमा निरन्तर रहिरहेका थिए तिनीहरुले आफ्नो अवस्था बुझ्न नसकेता पनि उनीहरुले परमेश्वरको चरित्र, गुणलाई असल तवरले बुझ्रेका थिए ।

## याकूब

**यो कहिले लेखिएको थियो ?** ४५-४८ ई.स

**मानव लेखक को थिए ?** यो पुस्तक याकुबद्वारा लेखिएको थियो । बाइबलमा चारजना याकुबहरुको उल्लेख गरिएको भएतापनि, त्यहाँ भएका सम्भावित प्रमाणहरुले देखाउछन की यो येशुको भाई याकुबले लेखेका हुन ।

**यो कसलाई लेखिएको थियो ?** यो बाह्र कुलहरु जो विभिन्न राष्ट्रहरु माझ्र फैलिएर रहेका थिए (याकुब १:१) त्यसकारण यो मुख्यता यहुदी पाठकहरु जोहरू विश्वासी थिए उनीहरुलाई लेखिएको थियो ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** परिपक्कतामा प्रभुमा बढ्दै जानु जो आफ्नो विश्वासमा परिपक्क हुन्छ, कठिनईहरुमा धैर्य गर्छ, सत्य र प्रेम दुवैमा जीउछ ऊसँग जिब्रोलाई वशमा पर्ने शक्ति छ, ऊ एक शान्ति कायम गर्ने र विश्वासी प्रार्थना गर्ने व्यक्ति हो ।

## १ पत्रुस

**यो कहिले लेखिएको थियो ?** ६४-६५ ई.स

**मानव लेखक को थिए ?** यस पत्रको पहिलो दिएको प्रमाण अनुरुप यो पत्रुसले लेखेका थिए ।

**यो कसलाई लेखिएको थियो ?** यो पत्र यशिया माइनरमा सतावटको अनुभव गरिरहेका खिष्टियनहरुलाई लेखिएको थियो ? (आधुनिक टर्की राष्ट्र) यो पत्र सम्भवत नेरुले प्रगात रुपमा मण्डलीलाई सताउन थालेको समयमा लेखिएको थियो । रोममा एउटा ठूलो आगलागी भएको थियो र नेरुले खिष्टियनहरु मध्यबाट दोष लगाउनलाई कोही एक जना व्यक्तिलाई खोजिरहेका थिए, उनी विश्वासीहरुको सतावटमा र यातनामा, निदयी, क्रुर, थिए यो सम्भवत : यस पुस्तकमा सतावटको अनुभव गरिरहेका विश्वासीहरुको कठिनाईहरुको शुरुवातको एक झ्रलक मात्र थियो र अझ्रै धेरै कठिनाईहरु आउन बाँकी नै थियो ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** सतावटमा पनि दृढ आशा सहित बलवान रहनुहोस पत्रुसले विश्वासीहरूलाई वर्तमान समयमा उनीहरुको अगाडी रहेको सतावटको सामना गर्दै बलवान रहेमा स्वर्गमा बहुमुल्य इनाम छ भन्ने कुरा याद दिलाउछन । पत्रुसले विश्वासीहरुलाई भविष्यको कुराहरु गर्दै उत्साह दिन्छन र सोहि अनुसार जिवन जिउन आग्रह गर्छन ।

## २ पत्रुस

**यो कहिले लेखिएको थियो ?** ६४-६८ ई.स

**मानव लेखक को थिए ?** यस पत्रको पहिलो दिएको प्रमाण अनुरुप यो पत्रुसले लेखेका हुन्, तथापी विशाल शैलीगत मतभेदको कारण धेरैले पत्रुसको लेखनमा कोहिले प्रश्न गर्छन । एउटा विद्वान यसरी भन्छन, “१ पत्रुस र २ पत्रुस विचमा भएको शैलीगत भिन्नताको समस्यामा बहस चौधौ शताब्दी देखि नै चलिरहेको छ जुन जेरोमले टिपोट गरेका छन् जेरोम आफैले यो वर्णन गरेका पनि छन् कि लेखन शैली भिन्नता आउनुको तथ्य पत्रुसले सिल्वानस भन्दा अर्को व्यक्तिलाई लेख्नको लागि प्रयोग गरेको हुनुपर्छ, सिल्वानस जसले पहिलो पत्रुसको पत्र लेख्नमा मद्दत गरेका थिए (१ पत्रुस ५:१२) यदि जेरोम सहि छ, भने शैलीको मतभेद अपेक्षा भन्दा बढी होइन फरक विषय र फरक उदेश्यको लागि दुईवटा पत्रहरु लेखिएको भनेर मनिलिनुहोस् ।

**यो कसलाई लेखिएको थियो ?** २ पत्रुस हाम्रो परमेश्वर र मुक्तिदाता येशु खीष्टको धार्मिकताद्वारा हामीसँग विश्वासमा एउटै मात्रामा रहेकाहरुलाई लेखिएको हो

**यस पुस्तकको विस्तारित धारणा के हो ?** खीष्टको भविष्यको विजयको प्रकाशमा पवित्र जीवन जिउन महत्वपुर्ण छ

## १ यूहन्ना

**यो कहिले लेखिएको थियो ?** ६०-६५ ई.स

**मानव लेखक को थिए ?** यो प्रेरित यूहन्नाले लेखेका थिए ।

**यो कसलाई लेखिएको थियो ?** यस पत्रले कुनै निश्चित व्यक्ति वा व्यक्तिको समुहलाई निर्देशित गरेको छैन किनभने प्रेरित यूहन्ना रोमी प्रान्तका विश्वासीहरूसित काम गरेका थिए, त्यसैले धेरै व्यक्तिहरुले यो तिनीहरुलाई लेखिएको हो भनेर भन्छन् ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यस पुस्तकले झुटा शिक्षकहरुको बारेमा चेतावनी दिएको छ र विश्वासीहरुले परमेश्वरलाई आज्ञाकारी जीवन र अरुहरुलाई पनि प्रेम गर्न प्रोत्साहित गर्दछ ।

## २ यूहन्ना

**यो कहिले लेखिएको थियो ?** ६० ई.स

**मानव लेखक को थिए ?** प्रेरित यूहन्नाले लेखेका थिए, यद्दपी उहाँलाई पद एकमा एल्डर भनेर सम्बोधन गरेता पनि यो अधिकारिक स्थान नभएर यो उमेरको अधिकार हुन सक्छ

**यो कसलाई लेखिएको थियो ?** यो पत्र चुनिएको महिला र उनको छोरा छोरीलाई लेखिएको हो (२ यूहन्ना १:१) यो सम्भव छ कि महिला यहाँ जसलाई मण्डली भनेर वर्णन गरिएको छ, सम्भवत : यो महिलाको घरमा मण्डली भेला हुन्थ्यो । यो पत्र यूहन्नाले एकजना मात्र महिलालाई नभएर समुहलाई लेखेको जस्तो देखिन्छ ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यूहन्नाले सत्यतामा जीउन र अरुहरु प्रति पनि प्रेम प्रकट गर्न यस पुस्तकका सबै पाठकहरुलाई चुनौती दिन्छन ।

## ३ यूहन्ना

**यो कहिले लेखिएको थियो ?** ६० ई.स

**मानव लेखक को थिए ?** प्रेरित यूहन्नाले लेखेका थिए, यद्दपी उहाँलाई पद एकमा एल्डर भनेर सम्बोधन गरेता पनि यो अधिकारिक स्थान नभएर यो उमेरको अधिकार हुन सक्छ

१६. केंनेथ वो. गंजेल, “पत्रुस,“ मा बाइबल ज्ञान टिप्पणी एन एक्सपोजिसन अफ द इस्क्रुप्चर्स, जे.यफ वालवोर्ड र आर.बी जुक भाग २ (व्हिर्तन,आइ.यल भिक्टर बुक्स १९८५) ६६८

**यो कसलाई लेखिएको थियो ?** यो पत्र गाईसलाई लेखिएको थियो । यो पत्रमा यूहन्नाले गाईसलाई खीष्टियन सेवक डेमेस्त्रिसलाई सत्कार गर्नु भनि आग्रह गर्दछन, किनभने त्यहाँ एकजना देट्रोफेस नामक मण्डलीमा एक जना मानिस थिए, जसले यात्रा गर्ने प्रचारक सेवकहरुलाई स्वागत गर्दैनथे ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** परमेश्वरको लागि प्रेम देखाउन हामीले अभावमा र खाँचोमा परेकाहरुको साहयता र सत्कार गर्नुपर्छ ।

## यहुदा

**यो कहिले लेखिएको थियो ?** ६०-८० ई.स

**मानव लेखक को थिए ?** यो यहूदाद्वारा लेखिएको थियो सम्भवत : यहूदा जो येशुका भाई थिए

**यो कसलाई लेखिएको थियो ?** यो पुस्तक येशुलाई पछ्याउन बोलावटको निम्ति लेखिएको हो । यस बाहेक अर्को कुनै ठाउँमा मानिसको विषयमा उल्लेख गरिएको छैन धेरै पुरानो नियमका खण्डहरु बिना व्याख्या राखिएको हुनाले सम्भवत : यी मानिसहरु यहुदी पृष्ठभूमिबाट आएका खिष्टियनहरु थिए भन्न सकिन्छ ।

**यस पुस्तकको विस्तारित धारणा के हो ?** झुटा शिक्षकहरु देखि होसीयार रहनुहोस्

## प्रकाश


**यो कहिले लेखिएको थियो ?** ९५-९६ ई.स

**मानव लेखक को थिए ?** प्रेरित यूहन्नाले यो पत्र लेखेका हुन


**यो कसलाई लेखिएको थियो ?** यो एशियामा भएका सातवटा मण्डलीहरुलाई लेखिएको थियो

**यस पुस्तकको विस्तारित धारणा के हो ?** यद्दपी यो पुस्तक बुझ्नका लागि निकै नै चुनौतीपूर्ण छ, यसले एउटा कुरा एकदम स्पष्ट पार्छ येशु नै विजय हुनुहुनेछ । यो एउटा चाख लाग्दो कुरा जुन ध्यान दिनुपर्नेछ कि बाइबल अदनको बगैचामा शुरु हुन्छ र यसको अन्त्य प्रकाशको बगैचामा आएर भएको छ । उत्पत्ति १-२ मा परमेश्वरले सृष्टि गर्नुभएको बगैंचा सिद्द थियो । तथापी त्यो सुन्दर, सिद्द बगैंचालाई पापले पतन गरायो । सौभाग्यवश परमेश्वरले सबै कुराहरुलाई पुर्नस्थापित गर्नुहुनेछ र पाप र मृत्युको सबै प्रभावहरुलाई हराउनुहुनेछ यो कुरा थाहा गर्नाले हामीलाई वर्तमान जीवनहरु जिउनलाई आशा प्रदान गर्दछ ।

**परिशिष्ट (क)** लोगोस बाइबल सफ्टवेरबाट साभार गरिएको भेट हुने पालको तस्विर



**परिशिष्ट (ख)** न्यायकर्तामा भएको चक्र



## **परिशिष्ट (ग)** पुरानो नियमका घटनाक्रमहरुको समयरेखा

| | |
|---|---|
| ६५०० ई.पू | पृथ्वीको सृष्टि (उत्पति १ र २) |
| ५००० ई.पू | नोआ (उत्पति ६(९) |
| ४८०० ई.पू | बावेलको धरहरा (उत्पति ११) |
| २१६५ ई.पू | अब्राहमको जन्म |
| १४४६ ई.पू | दासत्वको छुटकारा मिश्रबाट (प्रस्थान १२) |
| १४०६ ई.पू | प्रवेश प्रतिज्ञाको भूमिमा |
| ११०५ ई.पू | शमुएलको जन्म (१ शमुएल १:२०) |
| १०५० ई.पू | शाऊल राजा हुन् अभिषेक भएको (१ शमुएल १६:१(१३) |
| १०२५ ई.पू | शाऊलको उत्तराधिकारी हुन् दाउद अभिषेक भए (१ शमुएल :१(१३) |
| १०१० ई.पू | हेब्रोनमा दाउद यहूदामाथि शासन (२ शमुएल १:१, २:१, ४:११) |
| १००३ ई.पू | सम्पूर्ण इस्राएल माथि दाउदको शासनको सुरुवात (२ शमुएल |
| ९७० ई.पू | दाउदको शासनको अन्त्य (२ शमुएल ५:४(५) |
| ९७० ई.पू | सुलेमान राजा हुन्छ |
| ९५९ ई.पू | मन्दिर निर्माणकार्य पुरा हुन्छ |
| ९३१ ई.पू | यारोबाम राजा हुन्छ |
| ९३० ई.पू | राज्य उत्तरी र दक्षिणी राज्यमा विभाजित हुन्छ |
| ६०५/५९७/५८६ ई.पू | तीन विस्थापन र यरुशलेमको पतन (२ राजा २४(२५) |
| ५३८ ई.पू | इस्रएलीहरुलाई रोश्बस्सरद्वारा कैदबाट फिर्ता (एज्रा १(६) |
| ४८३/४७३ ई.पू | एस्तरको पुस्तकमा भएका घटनाहरु |
| ४५८ ई.पू | एज्राको अन्तर्गतमा दोश्रो पटक कैदबाट फिर्ता (एज्रा ७(१०) |
| ४४४ ई.पू | नहेम्याहद्वारा तेस्रो पटक कैदबाट फिर्ता (नहेम्याह १(७) |



## **परिशिष्ट (घ)** सुलेमानको मन्दिर



**परिशिष्ट (ङ)** इस्राएल र यहूदाका राजाहरु राईरी अध्ययन बाइबलबाट साभार
रएको ५२४

| इस्राएल र यहूदाका राजाहरु | | |
|---|---|---|
| राज्य/राजा गाढा अक्षरमा मुलत : असल राजाहरु | शासनकालको अवधि | सान्दर्भिक बाइबल खण्डहरु : |
| एकीकृत राज्य | | |
| शाउल | ३२ | १ शमुएल ९:१-३१:१३ |
| दाउद | ४० | २ शमुएल |
| सुलेमान | ४० | १ राजा २:१-११:४३ |
| दक्षिणका राजाहरु (यहूदा) | | |
| रहोबाम | १७ | १ राजा १२:१-१४:३१, २ इतिहास १०:१-१२:१६ |
| अविजाम | ३ | १ राजा १५ १-८, २ इतिहास १३:१-२२ |
| (आशा) | ४१ | १ राजा १५:९-२४, २ इतिहास १४:१-१७:१४ |
| (योहाशापात) | २५ | १ राजा २२:४१-५०, २ इतिहास १७:१-२०:३७ |
| योराम(यहोराम) | ८ | २ राजा ८:१६-२४, २ इतिहास २१:१-२० |
| अहज्याह | १ | २ राजा ८:२५-२९, २ इतिहास २२:१-९ |
| अतल्याह(रानी) | ७ | २ राजा ११:१६, २ इतिहास २२:१-२३:२१ |
| (योआश) | २९ | २ राजा ११:१६-१२:२१, २ इतिहास २३:१६-२४:२७ |
| अमस्याह | ४० | २ राजा १४:१-२२, २ इतिहास १५:१-२८ |
| (उज्जियाह) अजर्याह | ५२ | २ राजा १५:१-७, २ इतिहास २६:१-२७ |
| योताम | १६ | २ राजा १५:३२-३८, २ इतिहास २७:१-९ |
| आहाज | १६ | २ राजा १६:१-२०, २ इतिहास २८:१-२७ |
| (हिजकियाह) | २९ | २ राजा १८:१-२०, २ इतिहास २९:१-३२:३३ |
| मनस्से | ५५ | २ राजा २१:१-१८, २ इतिहास ३३:१-२० |
| आमेन | २ | २ राजा २१:१९-२६, २ इतिहास ३३:२१-२६ |
| (यसियाह) | ३१ | २ राजा २२:१-२३:३०, २ इतिहास ३४:१-३५:२७ |
| यहोअहाज | ३ महिना | २ राजा २३:३१-३३, २ इतिहास ३६:१-४ |
| यहोयाकिम | १ | २ राजा २३:३४-२४:७, २ इतिहास ३६:५-८ |
| यहोयाकिन | ३ महिना | २ राजा २४:८-१६, २ इतिहास ३६:९-१० |
| सिदि्कया | १ | २ राजा २४:१८-२५:२१, २ इतिहास ३६:११-२१ |
| उत्तरका राजाहरु (इस्राएल) | | |
| यारोबाम प्रथम | २२ | १ राजा १२:२५(१४:२०, २ इतिहास १०:१(१२:१६ |
| नादाब | २ | १ राजा १५:२५(३१ |
| बाशा | २४ | १ राजा १५:३२(१६:७ |
| एला | २ | १ राजा १६:८(१४ |
| जिम्री | ७ दिन | १ राजा १६:१५(२० |
| तिब्नी | ३ | १ राजा १६:२१(२२ |
| ओम्री | ११ | १ राजा १६:२१(२८ |
| अहाब | २२ | १ राजा १६:२९(२२:४० |
| अहज्याह | २ | १ राजा २२:५१(५३, २ राजा १:१(१८ |
| यहोराम(योराम) | १२ | २ राजा २:१(८स१५ |
| येहू | २८ | २ राजा ९:१(१ण:३६ |
| यहोआहाज | १७ | २ राजा १३:१(९ |
| यहोआश | १६ | २ राजा १३:१०(२५ |
| यारोबाम दोश्रो | ४१ | २ राजा १४:२३(२९ |
| जकर्याह | ६ महिना | २ राजा १५:८(१२ |
| शुल्लूम | १ महिना | २ राजा १५:१३(१५ |
| मनहेम | १० | २ राजा १५:१६(२२ |
| पेकहिया | २ | २ राजा १५:२३(२६ |
| पेकह | २० | २ राजा १५:२७(३१ |
| होशे | १० | २ राजा १७:१(४१ |

## परिशिष्ट (च) बाइबलीय करारहरू

आदमसितको करार (आदमिक करार)

अदनको बगैँचाको निर्दोष जिवनसँगै पतन पछिको श्राप र एउटा स्त्रीबाट एक जाना आउने आशा, जसले शैतानको शिर कुच्च्याउनु हुनेछ

नुहासितको करार - परमेश्वर फेरी कहिले पृथ्वीलाई पानीले डुबाउनुहुने छैन (उत्पति ९:८(१७)

अब्राहाम सितको करार - परमेश्वरले अब्राहामलाई एउटा भूमि, सन्तान र आशिषको प्रतिज्ञा, (उत्पत्ति १२(२२)

प्यालेस्टाइन करार,(मोआब देशमा बाध्नुभएको करार) - परमेश्वरले उहाँमा आज्ञाकारी मानिसहरुलाई पृथ्वीमा आशिष दिनुहुनेछ (व्यवस्था २९(३0)

मोशासितको करार - परमेश्वरले मोशाको व्यवस्था पछ्याउने उहाँका मानिसहरुलाई आशिष दिनुहुनेछ (व्यवस्था ११)

दाउदसितको करार - दाउदको वंशबाट अनन्तको राजा आउनुहुनेछ (२ शमुएल ७:८(१६)

नयाँ करार - आज्ञाकारिताको लागि इश्वरीय सामर्थ वा क्षमता प्रदान गर्ने अनन्तको करार (यर्मिया ३१)

## परिशिष्ट (छ) नक्सा

परिशिष्ट